जनकपुर टुडेको सम्पर्क नं. ९८५४०२६०२५, ९८०१६२६०२६, ०४१-५२७४९१ विज्ञापनको लागि मात्र
jtodaynews@gmail.com

छिटो र सर्वाधिक बिक्री हुने
मधेशको पहिलो 'क' वर्गको राष्ट्रिय दैनिक

# जनकपुर टुडे

Janakpur Today Daily
www.ejanakpurtoday.com

जनकपुर टुडेको APP डाउनलोड गर्नका लागि QR Scan गर्नुहोस्

वर्ष २८ •अंक ५६ • २०८३ साल आषाढ ३१ गते बुधबार (15 July, Wednesday, 2026) •पृष्ठ ४ •मूल्य रु. ५/-


## निजी मिडियामाथिको विज्ञापन प्रतिबन्ध बदर

**टुडे समाचारदाता**

काठमाण्डु । सरकारी विज्ञापन निजी मिडियालाई निषेधको सरकारी निर्णय खारेज गरिएको छ ।

सर्वोच्च अदालतका न्यायाधीशद्वय शारंगा सुवेदी र नृपध्वज निरौलाको संयुक्त इजलासले २०८२ चैत १८ को निजी मिडियालाई सरकारी विज्ञापन नदिने निर्णय उत्प्रेषणको आदेशले खारेज गर्ने ऐतिहासिक फैसला गरेको छ ।

फैसला सुनाउँदै न्यायाधीश सुवेदीले पूर्ण पाठ तयार भइसकेकोले दुईदिनभित्रमा सार्वजनिक गर्ने पनि जानकारी दिए । एक साताअघि सकिएको अन्तिम बहसपश्चात् आज सर्वोच्चले सो फैसला गरेको छ ।

सरकारी विज्ञापन निजी मिडियाले पाउनुपर्ने दावीसहित नेपाल मिडिया सोसाइटीका तर्फबाट अख्तियारप्राप्त अधिवक्ता लुईंटेलले दायर गरेको रिटमा असार २२ र २३ मा दुवै पक्षका तर्फबाट बहस गरेका थिए ।

नेपाल मिडिया सोसाइटीका तर्फबाट वरिष्ठ अधिवक्ताहरु शतिसकृष्ण खरेल, रमेश बडाल, ललितबहादुर बस्नेत, दिनेश त्रिपाठी र अधिवक्ताहरु अनन्तराज लुईंटेल, विकास भट्टराई, किर्तिनाथ शर्मा पौडेल, विशाल थापा, दुर्वाशा लुईंटेल र रामप्रसाद पुडासैनी, डा बालकृष्ण चापागाईं, डा प्रेमराज सिलवाल लगायतले बहस गरेका थिए भने महान्यायाधीवक्ता नारायणदत्त कंडेल र नायव महान्यायाधीवक्ता उद्धव प्रसाद पुडासैनीले बहस गरेका थिए ।

असार २२ र २३ मा सर्वोच्च अदालतमा नेपाल मिडिया सोसाइटिका तर्फबाट बहस गरेका कानुन व्यवसायीहरुले निजी मिडियालाई लामो समयदेखि दिइआएको विज्ञापनको सुविधा कटौती गरेर सरकारले मिडियालाई नाकाबन्दीमार्फत सिध्याउने मकसद राखेको, विज्ञापन ऐन र नियमावलीमा समानुपातिक विज्ञापन मिडियाको अधिकार रहेको, सरकारले कुनै मिडियालाई दिने र कुनैलाई नदिने कार्टेलिङ गर्न नपाउने, विज्ञापन बोर्डको अधिकार सरकारले खोस्न नपाउने र प्रदेश सरकार र स्थानीय सरकारको समेत अधिकारमा प्रधानमन्त्री कार्यालयले हस्तक्षेप गर्न नपाउने जिकिर थियो ।

### मधेशको बजेट विवादमा 'ब्रेकथ्रु'

## कार्यदलको सुझाव कार्यान्वयन गर्न प्रदेश सरकार तयार

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको आगामी आर्थिक वर्ष २०८३/८४ को बजेटलाई लिएर उत्पन्न राजनीतिक विवाद समाधान गर्ने उद्देश्यले गठन गरिएको प्रदेश सभा विशेष कार्यदलले आफ्नो १० बुँदे प्रतिवेदन प्रदेश सभामा पेश गरेको छ । कार्यदलले बजेट कार्यान्वयन, बहुवर्षीय योजना व्यवस्थापन, स्थानीय तहलाई वित्तीय हस्तान्तरण तथा विवादित कार्यक्रमहरूको व्यवस्थापन सम्बन्धी विभिन्न सुझाव समेट्दै सर्वसम्मत प्रतिवेदन बुझाएको छ ।

मधेश प्रदेश सभा सदनमा मंगलबार कार्यदलका सदस्य तथा जनता समाजवादी पार्टी (जसपा) नेपालका प्रदेश सांसद उपेन्द्र महतोले प्रतिवेदन प्रस्तुत गर्दै कार्यदलभित्र सर्वसम्मतिको आधारमा प्रतिवेदन तयार गरिएको जानकारी दिए । उनले बजेट पुस्तिकामा देखिएका केही कमजोरी सुधार गर्दै बजेट कार्यान्वयनलाई प्रभावकारी बनाउने उद्देश्यले सुझावहरू समेटिएको बताए ।

प्रतिवेदन अनुसार आगामी आर्थिक वर्ष ०८३/०८४ को वार्षिक बजेट पुस्तिकामा मन्त्रालय अन्तर्गत रहेका पूर्वाधार विकास तथा निर्माण योजनाहरू सम्बन्धित जिल्लामा रहेका मन्त्रालयका इकाइमार्फत कार्यान्वयन गरिने व्यवस्था गर्न सुझाव दिइएको छ । त्यस्तै स्रोत सुनिश्चित भइसकेका बहुवर्षीय योजनाहरूको नियमन तथा नियन्त्रण अर्थ तथा प्राविधिक विज्ञहरूको समितिको प्रतिवेदनका आधारमा गर्ने व्यवस्था मिलाउनुपर्ने उल्लेख गरिएको छ ।



स्थानीय तहलाई अन्तरसरकारी वित्तीय हस्तान्तरणअन्तर्गत उपलब्ध गराइने विशेष अनुदानमा समावेश गरिएको पोषणयुक्त आहार वितरणजस्ता कार्यक्रम तत्कालका लागि स्थगन गरी स्थानीय तहको आवश्यकता र मागका आधारमा अन्य शीर्षकमा बजेट उपलब्ध गराउन सुझाव दिइएको छ ।

कार्यदलले चालु आर्थिक वर्षमा सम्पन्न भइसके पनि भुक्तानी हुन बाँकी रहेका योजनाहरूको रकम आगामी आर्थिक वर्षको बजेटबाट भुक्तानी गर्ने व्यवस्था मिलाउनुपर्ने सुझाव दिएको छ । त्यस्तै, स्थानीय तहले प्रदेश सरकारलाई बुझाउनुपर्ने राजस्व बढीमा पाँच किस्तामा बुझाउन सक्ने व्यवस्था गरी त्यसका आधारमा प्रदेश सरकारले दिने अनुदान उपलब्ध गराउनुपर्ने उल्लेख गरिएको छ ।

सो प्रतिवेदनमा कमला पुल निर्माण योजनालाई प्राथमिकता दिँदै आगामी आर्थिक वर्षमा आवश्यक बजेट थप गरी प्रभावकारी रूपमा कार्यान्वयन गर्नुपर्ने सुझाव पनि समेटिएको छ । यीसहित बजेट कार्यान्वयनमा देखिएका प्रशासनिक, प्राविधिक तथा वित्तीय समस्याको समाधान गर्ने उद्देश्यका १० वटा सुझाव प्रतिवेदनमा समावेश छन् ।

मधेश प्रदेश सरकारले आगामी आर्थिक वर्ष २०८३/०८४ को बजेट सार्वजनिक गरेपछि प्रमुख प्रतिपक्षी दलहरू जसपा नेपाल, जनमत पार्टी र राष्ट्रिय प्रजातन्त्र पार्टी(राप्रपा) ले बजेट वितरणमा असन्तुलन भएको, योजना छनोटमा राजनीतिक पक्षपात गरिएको तथा प्रदेश सभामा पर्याप्त छलफल नगरी बजेट ल्याइएको आरोप लगाएका थिए ।

प्रतिपक्षी दलहरूले बजेट पुनर्लेखन गर्नुपर्ने अथवा विवाद समाधानका लागि सर्वदलीय संसदीय कार्यदल गठन गर्नुपर्ने माग राख्दै लगातार प्रदेश सभा बैठक अवरुद्ध गरेका थिए । सदनमा पटक-पटक अवरोध भएपछि सरकार र प्रतिपक्षबीच संवाद शुरु भएको थियो ।

लामो छलफलपछि असार २८ गते प्रदेश सभामा प्रतिनिधित्व गर्ने सातवटै राजनीतिक दलबाट एक-एक जना सांसद रहने गरी विशेष संसदीय कार्यदल गठन गर्ने सहमति भएको थियो । सो कार्यदललाई बजेटका विवादित विषयहरूको अध्ययन गरी छिटो प्रतिवेदन बुझाउने जिम्मेवारी दिइएको थियो ।

सो कार्यदलले गठन भएको दुई दिनभित्रै विभिन्न मन्त्रालय, सरोकारवाला पक्ष तथा राजनीतिक दलहरूसँग छलफल गरी प्रतिवेदन तयार गरेको छ । उक्त प्रतिवेदन सर्वसम्मत रूपमा तयार भएको भन्दै कार्यदलले बजेटमा देखिएका विवाद समाधानका लागि सुझावहरू कार्यान्वयन गर्न प्रदेश सरकारलाई आग्रह गरेको छ ।

कार्यदलको प्रतिवेदन प्रदेश सभामा पेश भएसंगै प्रदेश सरकारले त्यसमा समेटिएका सुझावहरूको अध्ययन गरी बजेट कार्यान्वयन तथा आवश्यक संशोधनका विषयमा निर्णय गर्ने जनाएको छ । प्रतिवेदन कार्यान्वयन भएमा बजेटलाई लिएर देखिएको राजनीतिक गतिरोध अन्त्य हुने छ भने प्रदेश सभाको अवरोध हट्ने तथा आगामी आर्थिक वर्षका विकास निर्माणका कार्यक्रमहरू समयमै कार्यान्वयन हुने विश्वास लिइएको छ ।

अर्थमन्त्री युवराज भट्टराईले कार्यदलले पेश गरेको प्रतिवेदनलाई विनियोजन विधेयकको अंग बनाउन सहमत भएको बताएका छन् ।

अर्थमन्त्री भट्टराईले भने, 'कार्यदलले सदनमा पेश गरेको प्रतिवेदनलाई विनियोगन विधेयकको अंग बनाउन सहमत छु ।'

## मिटरब्याज पीडित-सरकार वार्ता, विगतका प्रतिवेदनहरु कार्यान्वयन गरिने

**टुडे समाचारदाता**

जनकपुरधाम । मिटरब्याज तथा ठगीविरुद्ध आन्दोलनरत पीडित र नेपाल सरकारबीच बाराको निजगढमा भएको दोस्रो चरणको वार्ता तत्काल कुनै ठोस सहमतिमा नपुगे पनि सरकारले विगतमा गठन गरेका तीनवटा अध्ययन आयोगका प्रतिवेदन सार्वजनिक गर्ने प्रक्रिया अघि बढाउने निर्णय गरेको छ । गृहमन्त्री सुधन गुरुङ र आन्दोलनरत मिटरब्याजविरुद्ध किसान-मजदुर संघर्ष समितिबीच भएको छलफलपछि प्रधानमन्त्रीस्तरीय बैठकबाट तत्कालीन सरकारसंग भएका विभिन्न सम्झौताहरु कार्यान्वयन गर्ने प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालयको बैठकबाट निर्णय गरेको छ । सो निर्णय भएसंगै आन्दोलन स्थगित भएको जनाइएको छ ।



वार्तापछि मिटरब्याज पीडित अभियन्ता लक्ष्मी घिमिरेले आन्दोलनकारी पक्षले अघि सारेका ६ बुँदे मागमाथि प्रधानमन्त्री कार्यालयमा उच्चस्तरीय छलफल भइरहेको जानकारी दिइन् । उनका अनुसार प्रधानमन्त्रीस्तरको निर्णयका आधारमा पुनः तेस्रो चरणको वार्ता बस्नेछ । उनले सरकारले लिखित रूपमा माग सम्बोधन गर्ने प्रतिबद्धता नजनाए आन्दोलन नरोकिने स्पष्ट पारिन् ।

'यदि सरकार र आन्दोलनरत पीडित पक्षबीच मागपत्रका विषयमा लिखित सहमति हुन सकेन भने पैदल न्याय मार्च पुनः संघीय राजधानी काठमाडौंतर्फ अघि बढ्नेछ', उनले भनिन् ।

दोस्रो चरणको वार्ताका क्रममा गृहमन्त्री गुरुङले मिटरब्याज समस्या अध्ययनका लागि विगतमा गठन गरिएका तीनवटै आयोगका प्रतिवेदन तत्काल सार्वजनिक गर्न गृह मन्त्रालयलाई निर्देशन दिएका छन् । सार्वजनिक गर्न निर्देशन दिइएका प्रतिवेदनमा गौरिबहादुर कार्की आयोग, तेजबहादुर कार्की आयोग र बाबुराम रेग्मी आयोगका प्रतिवेदन रहेका छन् ।

उता, मिटरब्याजविरुद्ध किसान-मजदुर संघर्ष समितिका प्रवक्ता नवीन निर्गले पनि वार्तामा आन्दोलनकारीहरूले आफ्ना सबै अडान स्पष्ट रूपमा सरकारसमक्ष राखेको बताए । उनका अनुसार आन्दोलनकारीहरूले तीनवटै आयोगका प्रतिवेदन तत्काल सार्वजनिक गर्न जोडदार माग गरेका थिए ।

'नेपाल सरकारले विगतमा गठन गरेका तीनवटा आयोगका प्रतिवेदन सार्वजनिक गरियोस् भन्ने हाम्रो स्पष्ट माग हो', उनले भने ।

नवीन निर्गका अनुसार आन्दोलनकारीहरूले ६ बुँदे मागमा कुनै सम्झौता नगर्ने अडान दोहोर्याए पनि गृहमन्त्रीबाट ती मागबारे तत्काल ठोस प्रतिबद्धता आएको छैन । अहिले दुवै पक्ष आ-आफ्नो तर्फबाट गृहकार्यमा जुटेको र प्रधानमन्त्रीस्तरीय छलफलपछि अर्को चरणको वार्ता हुने समझदारी बनेको उनले बताए ।

उनले वार्ताबाट ठोस सहमति ननिस्किए पुनः काठमाडौं केन्द्रित पैदल आन्दोलनलाई निरन्तरता दिने चेतावनी पनि दिए ।

मिटरब्याज पीडितहरूले असार २५ गते जनकपुरधामस्थित ऐतिहासिक तिरहुतियागाछीबाट काठमाडौंसम्मको पैदल न्याय मार्च सुरु गरेका हुन् । उनीहरूको आन्दोलनको मुख्य उद्देश्य वर्षौंदेखि मिटरब्याज, ठगी, जालसाजी र अनुचित लिखतका कारण पीडित बनेका नागरिकलाई न्याय दिलाउनु रहेको संघर्ष समितिको भनाइ छ ।

आन्दोलनकारीहरूले फर्जी तमसुक, दृष्टिबन्धक, रजिस्ट्रेसन, चेकलगायतका शोषणपूर्ण लिखत खारेज, प्रभावकारी कानुन निर्माण, विशेष न्यायाधिकरण गठन, विगतका सहमति कार्यान्वयन तथा दोषीमाथि कारबाहीसहित ६ बुँदे माग अघि सारेका छन् ।

मिटरब्याज पीडितहरू मधेशका विभिन्न जिल्लाबाट शुरु भएको आन्दोलनले पछिल्ला केही वर्षमा राष्ट्रिय स्वरूप लिएको छ ।

२०७९ सालमा सिरहा, सप्तरी, धनुषा, महोत्तरी, सर्लाही, रौतहटलगायत जिल्लाका पीडितहरू काठमाण्डु पुगेर प्रदर्शन गरेका थिए । त्यसपछि सरकारले तत्कालीन न्यायाधीश गौरिबहादुर कार्कीको संयोजकत्वमा अध्ययन आयोग गठन गरेको थियो ।


त्यसपछि पनि समस्या समाधान हुन नसकेपछि सरकारले तेजबहादुर कार्की नेतृत्वको अर्को आयोग गठन गरेको थियो । उक्त आयोगले जिल्लास्तरमा रहेका हजारौं उजुरी अध्ययन गर्दै मिटरब्याजलाई संगठित आर्थिक अपराधका रूपमा कानुनी व्यवस्थामा समेट्नुपर्ने सुझाव दिएको थियो ।

त्यसपश्चात बाबुराम रेग्मी नेतृत्वमा अर्को आयोग गठन गरी थप अध्ययन गरिएको थियो । तीनवटै आयोगले कानुनी सुधार, पीडित संरक्षण, अनुचित लिखत बदर तथा विशेष संयन्त्रमार्फत विवाद समाधान गर्न सुझाव दिएका थिए । तर ती प्रतिवेदनहरू पूर्ण रूपमा सार्वजनिक नभएको र अधिकांश सिफारिस कार्यान्वयन नभएको भन्दै पीडितहरू निरन्तर आन्दोलनमा छन् ।

सरकारले ०८०/०८१ सालमा आन्दोलनरत पक्षसंग पटक-पटक वार्ता गरी विभिन्न सहमति गरेको थियो । ती सहमतिमा पीडितका उजुरी दर्ता गर्ने, अनुसन्धानलाई तीव्र बनाउने, मिटरब्याजसम्बन्धी कानुन संशोधन गर्ने, अनुचित लेनदेनलाई अपराधका रूपमा स्थापित गर्ने तथा दोषीमाथि कारबाही प्रक्रिया अघि बढाउने प्रतिबद्धता जनाइएको थियो ।

यता सरकारले मिटरब्याजबारे विगतका प्रतिवेदनहरू तत्कालै कार्यान्वयन गर्ने निर्णय गरेको छ । मंगलबार बसेको मन्त्रिपरिषद् बैठकबाट अनुचित लेनदेन मिटरब्याज सम्बन्धमा विगतमा गठन भएका विभिन्न आयोगका प्रतिवेदन गृह मन्त्रालयले तत्कालै कार्यान्वयन गर्ने मन्त्रिपरिषद् बैठकको निर्णय सुनाउँदै शिक्षा मन्त्री समेत रहेका सरकारका प्रवक्ता सस्मित पोखरेलले जानकारी दिए ।



**अन्यत्र गरेको पापबाट जनकपुरधाममा मुक्ति पाउन सकिन्छ ।
जनकपुरधाममा गरेको पापबाट मुक्ति पाउने स्थान अन्यत्र छैन ॥**

## सम्पादकीय

# राज्यले आतंक मच्चाउने होइन

देशका केही प्रमुख सञ्चार गृहहरुको मुल ढोकामा गाडी तेर्साएर आवतजावत अवरुद्ध गरिएको घटनाले आम नागरिकको चासो बढेको छ। नो पार्किंग क्षेत्रमा थापाथलीमा मोटरसाइकल पार्किंग गर्दा प्रहरीले ह्विल लक लगाएको थियो । त्यसको जरिवाना तिर्न नसक्ने कमजोर आर्थिक अवस्था भएका युवकले आत्मदाह गरे । उपचारको क्रममा उनको मृत्यु भयो । पछिल्लो हप्तामा तीन जना युवाले आत्मदाह गरी ज्यान गुमाएका छन् । उनीहरुले ज्यान गुमाउनुको कारण आर्थिक अवस्था कमजोर र राज्यप्रतिको नैराश्यता हो । राज्यले आम नेपालीको मनोबल उच्च बनाउन सफल भएको छैन भने सन्देश तीन जनाको मृत्युले दिएको छ। नेपालमा पहिलो पटक आत्मदाह गरेर ज्यान गुमाएको होइन । विगतको सरकारमा पनि आत्मदाह गरी ज्यान गुमाएका थिए । त्यस घटनाको काठमाण्डु महानगरपालिकाका तत्कालीन मेयर बालेन्द्र साह र राष्ट्रिय स्वतन्त्र पार्टी(रास्वपा) का सभापति रवि लामिछानेसहित कयौंले कडा विरोध गरेका थिए । राज्यप्रति युवाको नैराश्यताप्रति प्रश्न उठाएका थिए । अहिले बालेन्द्र साह देशको प्रधानमन्त्री छन् । उनको नेतृत्वमा एकलौटी सरकार छ । सरकारसित प्रतिनिधि सभामा झण्डै दुई तिहाइ बहुमत छ। सरकारले सय दिनको हनिमुन अवधि समेत पूरा गरिसकेको छ। तर युवाहरुमा राज्यप्रतिको नैराश्यता बढेको छ। राज्यको कमजोरीलाई ढाकछोप गर्न देशका विभिन्न सञ्चार गृह र नेपाली कांग्रेसका सभापति गगन कुमार थापाको घर अगाडि सवारी साधन तेर्साएर प्रत्यक्ष रुपमा धम्की दिएको छ । सञ्चार माध्यम र कांग्रेस थापाले आत्मदाह गरिएको घटनाको लागि राज्यलाई जिम्मेवार ठहर्‍याएका छन् । राज्य भनेको पूर्वाग्रही भएर काम गर्ने निकाय होइन । राज्यले आफ्नो कमीकमजोरीलाई सच्चयाएर अगाडि बढ्नुपर्छ। सरकारको आलोचना गर्नेलाई धम्की दिएर मुख बन्द गर्न लगाउने प्रयास लोकतन्त्रमा अशोभनीय छ। लोकतन्त्रमा सञ्चार माध्यम र सञ्चारकर्मीहरुको सुरक्षाको प्रमुख जिम्मेवारी सरकारको हो। सरकारले सञ्चार माध्यमहरुको मुख थुन्ने काम गर्न हुँदैन। सञ्चार गृह र सञ्चारकर्मीहरु पार्टीगत कार्यकर्ता भएर काम गर्न हुँदैन। स्वतन्त्र र निष्पक्ष भएर सञ्चाकर्मीहरुले काम गर्दा तटस्थ पनि रहनुपर्छ। राज्यले भन्दा सञ्चारगृह र सञ्चारकर्मीहरु देश र देशवासीप्रति बढी जिम्मेवार हुनुपर्छ। सरकारले धम्क्याउँदैमा सञ्चारकर्मीले डराउनु पर्दैन। सञ्चार माध्यमहरुप्रति धाकधम्की दिएको पहिलो घटना होइन । पञ्चायतकालमा त झन् सञ्चारकर्मीहरुलाई यातना नै दिने गरिएको थियो। राज्यले आफ्ना कमीकमजोरीलाई सुधार गर्दै अगाडि बढ्नुपर्छ। त्यसो नगरी विगतको सरकारकै शैलीमा अगाडि बढ्न चाहे जनअपेक्षा पूरा हुन सक्दैन। राज्य हमेशा अभिभावकको भूमिकामा रहनुपर्छ। सत्ता टिकाउने नाममा कसैलाई फसाउने अथवा जोगाउने कार्य राज्यले गर्न हुँदैन । लामो अन्तरालपछि देशमा दुई तिहाइ नजिकको सरकार बनेको छ । स्वभाविक रुपमा सरकारसित अपेक्षा बढेको छ। सरकारले युवाहरुमा देखिएको नैराश्यतालाई हटाउने कार्यक्रमहरु ल्याउनुपर्छ।

# विशेषाधिकारको विरासत र नेपालका संस्थाहरूको ऐना



● डा. निर्मल कँडेल

आज डुबानमा परेका अस्थायी होल्डिङ सेन्टर, खानेपानीको अभाव, सुकुम्बासीहरूको आत्महत्या र गणेश नेपालीजस्ता युवाको दुःखद अत्मदाहभन्दा नेपालको संस्थागत मानसिकताको अर्को स्पष्ट उदाहरण सायदै भेटिएला ।

विडम्बना के छ भने, जसको घरमा सयौँ तोला सुन, बैंकमा करोडौँ रुपैयाँ, प्रशस्त जग्गाजमिन र पुस्तौँदेखि सञ्चित सम्पत्ति छ, उसैलाई प्रायः केही हजार वर्गफिट जमिन खोजिरहेका सुकुम्बासीहरू वा जीविकोपार्जन गर्ने सडक व्यवसायीहरू समाजको सबैभन्दा ठूलो समस्या देखिन्छन् ।

शहरलाई सुन्दर बनाउने बहसमा मानिसभन्दा सम्पत्तिको मूल्य बढी देखिन्छ र राष्ट्रिय बहस हुन्छ, तर त्यहाँ सुकुम्बासीहरूको पीडा, आत्महत्या वा गणेश नेपालीजस्ता युवाको बलिदानले त्यत्तिकै गहिरो आत्ममन्थन गराउँदैन । जब कमजोर नागरिकको बाँच्न पाउने अधिकारभन्दा शक्तिशालीको सोच, सुविधा र सम्पत्तिको संरक्षण ठूलो ठानिन्छ, त्यो केवल नीति वा व्यवस्थापनको प्रश्न रहँदैन, त्यो विशेषाधिकार, बहिष्करण र सामान्यीकरणको संस्थागत मानसिकताको प्रतिविम्ब बन्छ ।

नेपालले पीडा भोग्नेहरूको कथा भन्न सिक्दै गएको छ। हामीसँग उत्पीडितहरूको कथा भन्ने चलचित्र छन् । दलित, जनजाति, मधेशी, कमैया, कम्लरी, बादी तथा पुस्तौँदेखि विभेद सहँदै आएका समुदायहरूको संघर्ष अभिलेखीकरण गर्ने पुस्तकहरू छन् । लोकतन्त्र, समावेशिता र सामाजिक न्यायका आन्दोलनहरूलाई हामी सम्झन्छौँ । तर, एउटा कथा भने अझै भन्न बाँकी छ ।

त्यो कथा हो, विशेषाधिकार कसरी निर्माण भयो, पुस्तौँसम्म कसरी सञ्चित हुँदै गयो, र कानुन फेरिएपछि पनि संस्थाहरूभित्र कसरी जीवित रह्यो भन्ने कथा ।

हरेक असमान व्यवस्थाका दुई पाटा हुन्छन् । एउटा पीडितहरूको हुन्छ, अर्को त्यस्ता संस्था, विचार र संरचनाहरूको, जसले कसैलाई लाभ पुग्ने वातावरण सिर्जना गर्छन् । नेपाल पहिलो पक्षबारे कुरा गर्न सहज भइसकेको छ, तर दोस्रो पक्षबारे आत्मसमीक्षा गर्न अझै पनि हिच्किचाउँछ। सायद पीडाभन्दा विशेषाधिकारलाई चिन्न र स्वीकार गर्न धेरै कठिन हुने भएकाले ।

एक सय सत्तरी वर्षभन्दा बढी समयसम्म नेपाल १८५४ को मुलुकी ऐनद्वारा निर्देशित रह्यो। त्यो केवल अपराध र सजाय निर्धारण गर्ने कानुन थिएन; त्यसले जातीय पदानुक्रमका आधारमा समाजलाई कानुनी रूपमा व्यवस्थित गर्‍यो । त्यसले कसले राज्यसत्तामा पहुँच पाउने, कसले शिक्षा प्राप्त गर्ने, कसले जमिनको स्वामित्व राख्ने, कसले सार्वजनिक पद धारण गर्ने, कसले धार्मिक अधिकार प्रयोग गर्ने र समाजमा कसको सम्मान हुने भन्ने कुरा निर्धारण गर्‍यो ।

पछि कानुनी रूपमा जातीय विभेद अन्त्य गरियो । तर, कानुन परिवर्तन हुनु र समाज परिवर्तन हुनु एउटै कुरा होइन । कानुन एकै रातमा खारेज हुन सक्छ । तर, सामाजिक व्यवस्था त्यसरी समाप्त हुँदैन ।

विभेदकारी कानुन हट्दैमा पुस्तौँदेखि सञ्चित राजनीतिक प्रभाव, शैक्षिक अवसर, प्रशासनिक अनुभव, भूमि स्वामित्व र सामाजिक पुँजी स्वतः पुनःवितरण भएन । ती ऐतिहासिक लाभहरूले नै विश्वविद्यालयसम्म कसको पहुँच हुने, निजामती सेवामा को प्रवेश गर्ने, संस्थाहरूको नेतृत्व कसले गर्ने र राष्ट्रिय निर्णय प्रक्रियामा कसको प्रभाव रहने भन्ने कुरालाई लामो समयसम्म आकार दिइरहे ।

यो कुनै विशेष समुदायका प्रत्येक व्यक्तिमाथिको आरोप होइन । म स्वयम् ब्राह्मण परिवारमा जन्मिएको व्यक्ति हुँ । तर, ऐतिहासिक रूपमा सञ्चित विशेषाधिकार र त्यसको प्रभाव खस-आर्य समुदायभित्र, विशेष गरी शासकीय अभिजात वर्गमा बढी केन्द्रित थियो । इतिहासको उद्देश्य पुस्तौँसम्म दोष थोपर्नु होइन, बरु इमानदारीपूर्वक बुझ्नु हो कि आजका संस्थाहरूले त्यही ऐतिहासिक विशेषाधिकारको निरन्तरता अझै बोकेका छन् कि छैनन् ।

यो प्रश्नको गम्भीर समीक्षा आवश्यक छ, किनकि उपलब्ध तथ्यांकहरूले प्रतिनिधित्वमा निरन्तर असन्तुलन रहेको संकेत गर्छन् । खस आर्य समुदाय नेपालको कुल जनसंख्याको करिब एक-तिहाइ भए पनि हालको प्रतिनिधिसभाका २७५ सांसदमध्ये १३४ जना (४८.७%) खास आर्य छन् । निजामती सेवामा उनीहरूको प्रतिनिधित्व करिब ६३.५ प्रतिशत छ ।

प्रकाशित विश्लेषणहरूका अनुसार उच्च न्यायपालिकामा पनि करिब ८५ प्रतिशत न्यायाधीश पहाडी ब्राह्मण-क्षेत्री समुदायबाट छन् । सन् २०२५ मा प्रकाशित एक अध्ययनले नेपाल सेनाका जनरल अफिसर कमान्डिङ (न्इ्ञ) पदमध्ये ८१.३ प्रतिशत ब्राह्मण-क्षेत्री अधिकारीहरूले ओगटेको देखाएको छ । त्यस्तै, नेपाल प्रहरीको निरीक्षकदेखि प्रहरी महानिरीक्षक सम्मका अधिकृतमध्ये ७९.१५ प्रतिशत ब्राह्मण-क्षेत्री समुदायबाट रहेको अर्को विश्लेषणले देखाउँछ ।

यी तथ्यांकहरूले आजका पदाधिकारीहरू अयोग्य छन् वा प्रत्येक नियुक्ति विभेदकै परिणाम हो भन्ने प्रमाणित गर्दैनन् । तर, यिनले एउटा गम्भीर सार्वजनिक प्रश्न भने अवश्य उठाउँछन्, यदि नेपालको संविधानले समान अवसर र समानुपातिक समावेशिताको प्रत्याभूति दिएको छ भने, किन राज्यका सबैभन्दा प्रभावशाली संस्थाहरू अझै पनि नेपाली समाजको वास्तविक विविधतालाई पर्याप्त रूपमा प्रतिविम्बित गर्न सकेका छैनन् ?

नेपालमा ऐतिहासिक विशेषाधिकार केवल भूमि स्वामित्वबाट मात्र कायम भएको थिएन । अवसरमा पहुँच निर्धारण गर्ने संस्थाहरूले त्यसलाई पुस्तौँसम्म पुनःउत्पादन गरे । लामो समयसम्म नेपाली भाषा प्रशासन, शिक्षा, न्यायपालिका र निजामती सेवाको प्रमुख भाषा रहँदा मातृभाषा नेपाली भएका समुदायहरूले संरचनागत लाभ पाए, जबकि धेरै आदिवासी जनजाति र मधेशी भाषाहरू राज्यका संस्थाहरूबाट क्रमशः किनारामा पारिए । दरबार स्कुल, त्रिचन्द्र कलेजजस्ता प्रतिष्ठित शैक्षिक संस्थाहरू, बिर्ता र जागिरजस्ता भूमि अनुदान प्रणाली, वंशाणुगत पुरोहित व्यवस्था तथा राज्यका प्रशासनिक संरचनाहरूले राजनीतिक रूपमा प्रभावशाली अभिजात वर्गमा शिक्षा, सम्पत्ति र अधिकार केन्द्रित गरे । कानुनी विभेद अन्त्य भइसकेपछि पनि ती संस्थागत लाभहरूको प्रभाव लामो समयसम्म कायम रह्यो ।


विशेषाधिकार सांस्कृतिक रूपमा पनि पुनःउत्पादन भयो । समाजशास्त्रीहरूले यस प्रक्रियालाई संस्कृतीकरण (क्बलकपचष्तषबतष्यल) भन्छन्, जहाँ सामाजिक उन्नतिको अवसर पाउन धेरै सीमान्तकृत समुदायहरूले प्रभावशाली समूहको भाषा, पहिरन, संस्कार, जीवनशैली र कहिलेकाहीँ थरसम्म अपनाउन बाध्य भए ।

विद्यालयका पाठ्यपुस्तक, सञ्चारमाध्यम, सरकारी इतिहास र राष्ट्रिय कथनहरूले पनि मुख्यतः प्रभावशाली समुदायको संस्कृति, प्रतीक र इतिहासलाई केन्द्रमा राखे, जबकि धेरै आदिवासी, मधेशी र अन्य सीमान्तकृत समुदायहरूको इतिहास र योगदानलाई सीमित स्थान दिइयो । यस अर्थमा विशेषाधिकार केवल सम्पत्तिको उत्तराधिकार थिएन; यो भाषा, शिक्षा, सामाजिक सञ्जाल, संस्थागत पहुँच, सांस्कृतिक वैधता र 'यो राज्य मेरो पनि हो' भन्ने आत्मविश्वासको उत्तराधिकार पनि थियो ।यो पदानुक्रम जातीय सीमाभित्र मात्र सीमित रहेन । छाउपडीजस्ता प्रथाहरू, महिनावारीसम्बन्धी विभेद, मन्दिर प्रवेशमा जातीय प्रतिबन्ध, आवास तथा सार्वजनिक स्थानमा हुने विभेद तथा केही वरिष्ठ सुरक्षा अधिकारीहरूले तल्लो तहका सैनिक र प्रहरी कर्मचारीलाई व्यक्तिगत घरेलु काममा प्रयोग गरेको विषयमा वर्षौंदेखि सार्वजनिक भएका प्रतिवेदनहरूले असमान शक्ति सम्बन्धहरू संस्थागत संस्कृतिको हिस्सा कसरी बन्दै गए भन्ने देखाउँछन् ।

त्यसैगरी, नवराज विकको हत्याले संविधानले समानताको प्रत्याभूति दिए पनि समाजका गहिरा पूर्वाग्रहहरू एकैपटक परिवर्तन नहुने यथार्थ उजागर गर्‍यो । संविधान परिवर्तन भयो, तर सामाजिक सोच र व्यवहार परिवर्तन हुन अझै समय लागिरहेको छ ।

२०४६ सालको जनआन्दोलन, दशवर्षे जनयुद्ध र विशेष गरी २०६२/६३ को जनआन्दोलनले यही ऐतिहासिक संरचनालाई परिवर्तन गर्ने प्रयास गरे । नेपालले हिन्दु राजतन्त्रको अन्त्य गर्‍यो, धर्मनिरपेक्षता, संघीयता र समानुपातिक समावेशितालाई संविधानमा संस्थागत गर्‍यो । यी परिवर्तनहरूले केवल राजनीतिक समानता पर्याप्त हुँदैन, अवसरमा समान पहुँच पनि सुनिश्चित हुनुपर्छ भन्ने स्वीकार गरे । साथै, यस इतिहासको उद्देश्य कुनै समुदायलाई दोषी ठहर गर्नु होइन भन्ने कुरा पनि स्मरण गराउँछन् ।

लोकतन्त्र, धर्मनिरपेक्षता, गणतन्त्र र समावेशिताका लागि संघर्ष गर्ने नेपालका धेरै अग्रणी व्यक्तित्वहरू स्वयम् ऐतिहासिक रूपमा विशेषाधिकारप्राप्त समुदायबाट आएका थिए । यसबाट सिक्नुपर्ने ठूलो पाठ के हो भने असमान प्रणालीहरूले संस्थागत सुधार नभएसम्म विशेषाधिकारलाई पुनःउत्पादन गरिरहन्छन् । विशेषाधिकार कसरी निर्माण भयो, पुस्तौँसम्म कसरी सञ्चित भयो र कसरी पुनःउत्पादन हुँदै आयो भन्ने कुरा इमानदारीपूर्वक स्वीकार नगरी नेपालको संविधानले प्रत्याभूत गरेको समानता, समावेशिता र समानुपातिक प्रतिनिधित्व व्यवहारमा पूर्ण रूपमा स्थापित हुन सक्दैन ।




*Ai Generated Image*

आर्थिक इतिहासले पनि यही कथा सुनाउँछ । तमसुक, शोषणकारी ऋण व्यवस्था, मिटर ब्याज, कमैया र कम्लरीजस्ता बँधुवा श्रम प्रणाली, असमान भूमि स्वामित्व तथा संरक्षक-आश्रित सम्बन्धहरूले जातीय विभेद केवल सामाजिक पहिचानको प्रश्न नभई सम्पत्ति, ऋण, श्रम र अवसरमाथिको पहुँचको प्रश्न पनि थियो भन्ने देखाउँछन् । यी व्यवस्थाबाट लाभान्वित हुने समूहहरू नेपालका सबै भूगोलमा एउटै थिएनन्, तर राजनीतिक, आर्थिक र सामाजिक शक्ति प्रायः एकअर्कालाई सुदृढ बनाउने गरी केन्द्रित भएका थिए ।

ऐतिहासिक रूपमा नेपालको सामन्ती भूमिपति वर्ग मुख्यतः राजनीतिक, सैनिक, पुरोहित तथा प्रशासनिक अभिजात वर्गबाट बनेको थियो, जसमा पहाडी ब्राह्मण-क्षेत्री समुदायको प्रभाव उल्लेखनीय थियो । बिर्ता र जागिरजस्ता भूमि अनुदान प्रणालीमार्फत जमिन, सम्पत्ति र राजनीतिक प्रभाव सीमित शासक वर्गमा केन्द्रित हुँदै गयो, जबकि धेरै दलित तथा अन्य सीमान्तकृत समुदायहरू भूमिहीन वा आश्रित किसानका रूपमा बाँचे ।

भूमि सुधारका विभिन्न प्रयासहरूले सामन्ती व्यवस्थाका केही पक्षहरू हटाए पनि असमान भूमि स्वामित्वको विरासत अझै कायम छ। आज पनि शीर्ष ५ प्रतिशत भूमिधनीसँग नेपालको करिब ३७ प्रतिशत कृषि योग्य जमिन छ, जबकि तल्लो ४७ प्रतिशत भूमिधनीसँग केवल करिब १५ प्रतिशत जमिन मात्र छ। यो असमानता सामाजिक समूहहरूबीच झन् स्पष्ट देखिन्छ।

करिब ४० प्रतिशत दलित परिवार अझै भूमिहीन छन्, जबकि ब्राह्मण-क्षेत्री समुदायमा भूमिहीनता करिब ६ प्रतिशत मात्र रहेको अध्ययनहरूले देखाएका छन् । यसले कानुनी विभेद अन्त्य भइसकेपछि पनि ऐतिहासिक विशेषाधिकारले आर्थिक अवसर र सम्पत्तिको वितरणलाई अझै प्रभाव पारिरहेको स्पष्ट संकेत गर्छ ।

यसैले जातीय विभेदबारेको बहस केवल कानुनी सुधारमै टुंगिन सक्दैन । यसले संस्थाहरूले विशेषाधिकारलाई कसरी पुनःउत्पादन गरिरहेका छन् भन्ने प्रश्न पनि उठाउनुपर्छ । शिक्षा, प्रभाव, नेतृत्व र निर्णय प्रक्रियामा कसको पहुँच अझै सहज छ ? संविधानले सुनिश्चित गरेको समावेशिता व्यवहारमा राज्यका संस्थाहरूमा कति रूपान्तरित भएको छ ? यी प्रश्नहरूबाट हामी पन्छिन सक्दैनौँ ।

नेपाली चलचित्र र सार्वजनिक विमर्शले पनि एउटा रोचक मौनता बोकेको छ । हामी पीडितहरूको कथा भन्न थालेका छौँ, जुन अत्यन्त स्वागतयोग्य कुरा हो । तर, ती पीडितहरू जन्माउने प्रणाली, संस्था, विचारधारा र शक्ति संरचनाको कथा भने अझै कमै भनिन्छ। हरेक उत्पीडनकारी व्यवस्थामा पीडित मात्र हुँदैनन्, त्यसलाई टिकाइराख्ने संस्था, त्यसको संरक्षण गर्ने प्रोत्साहन र त्यसलाई वैध ठहर गर्ने विचारहरू पनि हुन्छन् । अन्यायलाई पूर्ण रूपमा बुझ्न पीडितहरूको कथा मात्र होइन, अन्यायलाई सम्भव बनाउने संरचनाहरूको पनि इमानदार समीक्षा आवश्यक हुन्छ।

यस इतिहासको अर्को पाटो पनि उत्तिकै महत्त्वपूर्ण छ । नेपालको लोकतन्त्र, गणतन्त्र, धर्मनिरपेक्षता, समावेशिता र सामाजिक न्यायका धेरै अग्रणी अभियन्ताहरू स्वयं ऐतिहासिक रूपमा विशेषाधिकार प्राप्त समुदायबाट आएका थिए। बीपी कोइराला, गणेशमान सिंह, कृष्णप्रसाद भट्टराई, पुष्पलाल, मदन भण्डारी, पुष्पकमल दाहाल 'प्रचण्ड'लगायत असंख्य कानुनविद्, पत्रकार, प्राध्यापक, न्यायाधीश, निजामती कर्मचारी र सामाजिक अभियन्ताहरूले विशेषाधिकारको संरक्षण होइन, त्यसको सुधार र रूपान्तरणका लागि संघर्ष गरे । त्यसैले यो बहस कुनै समुदायलाई दोषी ठहर गर्ने बहस होइन । वास्तविक विभाजन जात वा समुदायबीच होइन; ऐतिहासिक विशेषाधिकारलाई जोगाउन चाहने र त्यसलाई थप न्यायपूर्ण बनाउने प्रयास गर्ने सोचबीच हो ।

नेपाललाई अब जातीय विभेद थियो कि थिएन भन्ने बहसको आवश्यकता छैन । इतिहास र आजसम्मका सामाजिक अभ्यासहरूले त्यसको उत्तर दिइसकेका छन् । अब सोध्नुपर्ने प्रश्न फरक छ, के ऐतिहासिक विशेषाधिकारले आज पनि हाम्रो राज्यका संस्थाहरू, अवसरहरूको वितरण र नेतृत्व संरचनालाई प्रभावित गरिरहेको छ ? यो प्रश्न उठाउनु न त मेरिटको विरोध हो, न कुनै व्यक्तिमाथिको आरोप । बरु, यो त हाम्रो गणतन्त्रले संविधानमार्फत गरेको समानता, समावेशिता र समान अवसरको वाचा व्यवहारमा कति कार्यान्वयन भएको छ भन्ने इमानदार मूल्यांकन गर्ने प्रयास हो ।

हरेक लोकतान्त्रिक समाजले अन्ततः आफ्ना असमान ऐतिहासिक संरचनासँग इमानदारीपूर्वक सामना गर्नुपर्छ । दक्षिण अफ्रिकाले रंगभेद (ब्उबचतजभष्म) को विरासतसँग जुध्यो । संयुक्त राज्य अमेरिकाले दासप्रथा र जातीय विभाजनको इतिहाससँग अझै पनि संवाद गरिरहेको छ । जर्मनीले नाजीवादको अँध्यारो इतिहासलाई स्वीकार्दै आत्मसमीक्षा गर्‍यो । नेपालले पनि आफ्ना ऐतिहासिक पदानुक्रमहरूले राज्यका संस्था, अवसर र शक्ति संरचनालाई कसरी आकार दिए भन्ने विषयमा खुला र इमानदार समीक्षा गर्नैपर्छ। यसको उद्देश्य कुनै समुदायमाथि पुस्तौँसम्म दोष थोपर्नु होइन, बरु पुस्तौँदेखि सञ्चित विशेषाधिकारलाई बुझ्नु हो ।

यस्तो इमानदार आत्मसमीक्षाबाट मात्रै मेलमिलाप प्रतिकात्मकतामा सीमित रहने छैन । त्यसबाट मात्रै समावेशिता संविधानको धारामा सीमित नबसी राज्यका संस्थाहरूको व्यवहारमा देखिनेछ । त्यसबाट मात्रै समानता एउटा आदर्श वा नारामा सीमित नभई प्रत्येक नागरिकले अनुभूति गर्ने वास्तविकता बन्नेछ।

र त्यसपछि मात्र नेपालले आफ्नो इतिहासको सम्पूर्ण कथा भन्न सक्नेछ, उत्पीडन सहनेहरूको मात्र होइन, असमानतालाई टिकाइराख्ने संस्थाहरूको पनि; ती संरचनालाई चुनौती दिने सुधारकहरूको पनि; र जन्म होइन, क्षमता, अवसर र समान अधिकारले भविष्य निर्धारण गर्ने समाज निर्माण गर्नु हरेक पुस्ताको साझा जिम्मेवारी हो भन्ने सत्यको पनि । यो शिलापत्रडटकमबाट साभार गरिएको छ ।

# बजारमा हलचल ल्याउन 'नियामकीय कब्जा' अन्त्य !



● कुबेर चालिसे

नेपाल धितोपत्र बोर्ड (सेबोन) को अध्यक्षमा डा गोपालप्रसाद भट्टले सोमबारदेखि कार्यभार सम्हालेका छन्। उनको नियुक्तिसँगै दुई महिनादेखिको धितोपत्र बोर्डको नेतृत्व रिक्तता अन्त्य भएको छ। तर, उनका सामु चुनौतीका पहाड कम छैनन्। किनकि नेपालको पुँजीबजार अहिले एउटा निर्णायक मोडमा उभिएको छ। चालक सिटमा डा भट्ट आएका छन्। अगाडिको बाटो साँघुरो छ। लगानीकर्ताहरूको संख्या पनि धेरै, आशा पनि धेरै छ। तर, सेयर बजारमा मौनता छ।

अब त्यो मौनतालाई डा भट्टले तोड्ने मात्र होइन, आफ्नो कार्यकुशलताले चलायमान बनाएर एउटा लगानीमैत्री ध्वनि सिर्जना गर्नुपर्ने छ। त्यो ध्वनि यति कर्णप्रिय होस् कि लगानीकर्तालाई आकर्षित गरोस्, अनि यति कर्कश होस् कि विकृतिलाई बजारमा छिर्न नदेओस्।

अघिल्ला सत्तारुढ राजनीतिक दलहरूको संरक्षणमा मौलाएको स्वार्थ समूहले नियुक्ति दिलाएको आरोप लागेका तत्कालीन अध्यक्ष सन्तोषनारायण श्रेष्ठले वैशाख ४ गते राजीनामा दिएपछि खाली रहेको धितोपत्र बोर्डको नेतृत्वमा बस्दा डा भट्टले सामना गर्नुपर्ने चुनौतीहरू उनले विरासतमा पाएको प्रशासनिक कामको चाङभन्दा धेरै जटिल छन्।

भनिन्छ, हाल ७५ लाख डिम्याटकर्तामध्ये करिब ६५ लाखभन्दा बढीले 'मेरो सेयर' एप प्रयोग गर्छन्। तिनमा पनि नियमित वा सक्रिय कारोबार गर्नेको संख्या करिब ४७ लाख हाराहारी रहेको मानिन्छ। त्यसैले यी लगानीकर्ताका लागि डा भट्टको नियुक्ति प्रशासनिक पदपूर्ति मात्र होइन। यो नेपालको पुँजीबजारको नियामक निकाय धितोपत्र बोर्ड राजनीतिक संरक्षणको एउटा संयन्त्रकै रूपमा सञ्चालन भइरहन्छ कि एउटा स्वतन्त्र तथा निष्पक्ष नियामकको रूपमा स्थापित हुन्छ भन्ने कुराको परीक्षण पनि हो।

त्यसमाथि बालेन सरकार गठन भएयता लगानीकर्ताको मनोविज्ञान बजारप्रति त्यति सकारात्मक बन्न सकेको छैन। हुनत स्पष्ट बहुमतप्राप्त स्थायी सरकार आएपछि झन् बजारमा चहलपहल बढ्नुपर्ने हो। तर, पछिल्लो समय लगानीकर्तामाझ एकप्रकारको त्रास फैलिएका कारण सेयर बजार लगातार घटिरहेको छ। बालेन सरकारले २०८२ साल चैत १३ गते शुक्रबार शपथग्रहण गर्दा अघिल्लो दिन बिहीबार सेयर बजार २९५०.१६ विन्दुमा थियो भने असार १५ गतेसम्ममा घटेर २६३२.९६ विन्दुमा झरेको छ। यसरी सरकार गठन भएको तीन महिनामा ३१७.२ विन्दु घट्नुको कारण सेयर बजार अझै घट्दो क्रममा छ भन्ने देखिन्छ। यसबीच लगानीकर्ताले कति गुमाए, सरकारले कति राजस्व गुमायो भन्नुभन्दा पनि लगानीकर्ताको मनोबल किन खस्कियो भन्ने प्रश्न महत्त्वपूर्ण हो।

हो, लगानीकर्ताको यसै कमजोर मनोबलको समयमा नियमनकारी निकाय तथा बजारमा अवाञ्छित कार्य प्रोत्साहित गर्ने अघिल्ला सरकारमाथि उठेका विविध विवादास्पद प्रश्नहरूको घेराबीच धितोपत्र बोर्डको अध्यक्षको पदभार डा भट्टले ग्रहण गरेका छन्।

हुन त डा भट्टको नियुक्तिमा पनि अपारदर्शी प्रक्रिया तथा 'राजनीतिक रूपमा इन्जिनियरिङ'को आरोप नलागेको होइन। तर, यतिबेलाको प्रश्न नियुक्ति नभएर नियामक निकाय तथा बजारको दीर्घकालीन विकास हो ।

चासोको विषय डा भट्टको प्राविधिक योग्यता पनि होइन। नेपाल राष्ट्र बैंकका पूर्व कार्यकारीका रूपमा उनको अनुभवमाथि खासै प्रश्न पनि उठाइएको छैन, उठाउन आवश्यक पनि छैन। तर, चिन्ताको विषय उनले नेतृत्व गर्न लागेको नियमनकारी निकायको संस्थागत संरचनामा वर्षौंदेखि जमेको विकृति हो, मैलो हो र विवादास्पद चरित्र हो। धितोपत्र बोर्ड पछिल्ला केही वर्षदेखि पुँजी बजारभित्रको भ्रष्टाचारको 'मुख्य केन्द्र'का रूपमा स्थापित हुँदै आएको छ।

खुल्लमखुल्ला भित्री कारोबार (इनसाइडर ट्रेडिङ) गरेको आरोप, विवादास्पद प्राथमिक सेयर निष्कासन (आईपीओ) स्वीकृति, आईपीओ निष्कासनका लागि खुलेआम कमिसनको बार्गेनिङ तथा नियामकीय कब्जालाई प्रोत्साहन गर्ने संरचनात्मक कमजोरीजस्ता विकृति धितोपत्र बोर्डमा देखिएको छ। यी यस्ता यथार्थ हुन्, जसले नेपालको पुँजीबजार मात्र नभएर अर्थतन्त्र नै कलुषित पारेको छ।

त्यसैले 'विरासतमा प्राप्त' संरचनागत, कार्यगत तथा कानुनी समस्याका कारण डा भट्टको कार्यकाल सहज भने देखिँदैन। डा भट्टको कार्यसूची तत्कालीन तथा दीर्घकालीन दुवै प्रकारका चुनौतीहरूले भरिएको छ। किनकि विगतमा आईपीओ निष्कासनका लागि खुल्लमखुल्ला कमिसनको बार्गेनिङ तथा अन्य विवादका कारण आईपीओका फाइलहरू उनको टेबलमा थुप्रिएका छन्।

एकातिर यसले पुँजीबजारको गतिविधिलाई चलायमान बनाउन सकेको छैन भने अर्कोतिर केही यस्ता कम्पनी पनि आईपीओ निष्कासनको लाइनमा छन्, जसले बजारलाई विकृत बनाउने देखिन्छ। हुन त यसअघिको विवादित नेतृत्वले विभिन्न प्रलोभनमा सर्वसाधारण लगानीकर्ताको पैसा डुब्ने, डुबाउन सक्ने कम्पनीको आईपीओ पनि स्वीकृत गरेको छ। यी कम्पनीलाई कसरी नियमन गर्ने, त्यो पनि नयाँ अध्यक्षको काँधमा आउने चुनौती नै हो ।

किनकि कमजोर वित्तीय अवस्था भएका तथा शंकास्पद कम्पनीको आईपीओलाई स्वीकृति दिएर अघिल्लो नेतृत्वले बजारमा विश्वसनीयताको संकट उत्पन्न गरिसकेको छ। यस्तै, प्रक्रियागत अनियमितता र मूल्य हेरफेरका घटनाले वर्षौंदेखि कमजोर बनेको विश्वास पुनःस्थापित गर्न डा भट्टले आईपीओ स्वीकृति दिएर मात्र पुग्दैन। यसका लागि उनले बोर्डको कार्यशैलीमै आधारभूत परिवर्तन गर्न आवश्यक छ।

यस्तै, विकसित प्रविधिका कारण सेयर बजार अब धेरै जटिल भइसकेको छ ।

तर, धितोपत्र बोर्ड अझै पनि पुरानै ढर्रामा छ। एआई आधारित रियल-टाइम निगरानी प्रणाली लागू गर्नु तथा जटिल र प्रविधिसम्पन्न बजार गतिविधिलाई नियमन गर्दै लगानीकर्ताको जोखिम घटाउनु बोर्डको दायित्व हो। डा भट्टले साँच्चै सुधार खोजेको हो भने उनले अब आँट गरेर धितोपत्र ऐन, २०६३ का संरचनागत कमजोरीहरूलाई सम्बोधन गर्नैपर्छ। बोर्डलाई उनले सरकारको प्रभावले नछुनेगरी संस्थागत पुनर्संरचना गर्न सक्छन् कि सक्दैनन्, त्यसबाट पनि उनको नेतृत्वको परीक्षण हुनेछ।

त्यसैले कानुन संशोधनमार्फत प्रत्यक्ष अधिकार प्रदान गरेर बलियो नियामक निकाय बनाए मात्रै धितोपत्र बोर्ड कागजी बाघबाट प्रभावकारी बजार नियामक बन्छ। यसका साथै, धितोपत्र बोर्डको हालको नियुक्ति प्रक्रिया मन्त्रिपरिषद्को बन्द कोठाभित्र सीमित छ। तर, सार्वजनिक विश्वास पुनःस्थापित गर्न विज्ञहरू सम्मिलित स्वतन्त्र छनोट समिति गठन गर्ने तथा संसदीय सुनुवाइलाई पारदर्शी र सार्वजनिक बनाउने गरी कानुन संशोधन गर्न सकिन्छ।

अर्थमन्त्री डा. स्वर्णिम वाग्लेले धितोपत्र बोर्डका नवनियुक्त अध्यक्षलाई सोमबार मन्त्रालयमा पद तथा गोपनीयताको शपथ गराउँदै लगानीकर्ताको लगानीको सुरक्षा र हितमा इमानदारीपूर्वक काम गर्न निर्देशन दिए। तर, प्रश्न सरकारलाई पनि छ- के सरकार लगानीकर्ताको लगानीको सुरक्षा र बजारमा पुँजी परिचालनमार्फत आर्थिक वृद्धिको लय समाउन बोर्डलाई स्वायत्त बनाउन कटिबद्ध छ त?

बजार सुधारका कुरा गर्न सहज छ। असार ५ गतेको मन्त्रिपरिषद्ले नियुक्त गरेको बोर्ड अध्यक्ष डा भट्टलाई १० दिनपछि असार १५ गते मात्रै शपथ ग्रहण गराउँदै अर्थमन्त्री डा वाग्लेले पुँजी बजार सुधारका कामहरू गर्न हरेक दिन, हप्ता, महिना, ६ महिना र एक वर्षका योजना के हुन्, त्यो पेस गर्न पनि निर्देशन दिए। यसबाट सरकार कति गम्भीर छ, त्यो पनि छर्लङ्ग नै देखिन्छ।

'मन्त्रालयबाट कुनै प्रकारको हस्तक्षेप हुँदैन,' अर्थमन्त्री डा. वाग्लेले भने, 'मलाई हरेक हप्ता बजारको ब्रिफिङ चाहिन्छ।'

त्यसैले अब डा भट्टसामु दुईमध्ये एक बाटो रोज्ने विकल्प छ। पहिलो, विद्यमान सम्झौताग्रस्त प्रणालीभित्रै रहेर जागिर खाने। दोस्रो, आफ्नो पद र त्यसको गरिमा राख्दै प्रभावको संस्कृतिलाई अन्त्य गर्न बोर्डमा आवश्यक कानुनी तथा संरचनागत सुधारका लागि नेतृत्व गर्ने।

नेपाली लगानीकर्ताका लागि वास्तविक परीक्षा अब डा भट्टको पहिलो ठूला नियामकीय कारबाहीका क्रममा हुनेछ। के डा भट्टले वर्षौंदेखि बोर्डलाई गाँजिरहेको संरचनागत विकृतिमाथि प्रहार गर्नेछन्, वा सतही र सजिलै देखिने कमजोरीहरूलाई लक्षित गर्दै सक्रियताको आभास मात्र दिनेछन् ?

यसैबीच बिर्सनै नहुने विषय के पनि हो भने भदौ २३-२४ को कारक अर्थात्, विगतको सरकार ढाल्न र तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीलाई बालुवाटारबाट हेलिकप्टरमा चढेर भाग्नुपर्ने अवस्था ल्याउनमा धितोपत्र बोर्डलगायतका नियामकीय निकायमा भएका गलत नियुक्ति एउटा प्रमुख कारण थियो। यो लेख नेपालखबरडटकमबाट साभार गरिएको छ ।

# मनसुनी प्रभाव पूर्वमा पर्न सक्ने पूर्वानुमान



काठमाण्डु । जल तथा मौसम पूर्वानुमान महाशाखाले नेपालको पूर्वी क्षेत्रमा मंगलबार पनि मनसुन प्रभाव पर्न सक्ने भन्दै मनसुनजन्य विपद्बाट हुनसक्ने जोखिम न्यूनीकरणका लागि आवश्यक सतर्कता अपनाउन अनुरोध गरेको छ ।

विभागका वरिष्ठ मौसमविद् मीनकुमार अर्यालले कोशी, बागमती र गण्डकी प्रदेशका तराई तथा लुम्बिनी प्रदेशका पहाडी भूभागका एकदुई स्थानमा भारी वर्षाको सम्भावना रहेकाले आवश्यक सतर्कता अपनाउन आग्रह गर्नुभयो । उहाँले भन्नुभयो, "ती क्षेत्रमा हुनसक्ने गेग्रान बहाव, बाढी, पहिरो तथा भूक्षयजस्ता प्रकोपको जोखिम वा क्षतिबाट बच्न आवश्यक सतर्कता अपनाउनुपर्छ ।"

विभागले ती क्षेत्रमा दैनिक जनजीवनलगायत कृषि, स्वास्थ्य, पर्यटन, पर्वतारोहण, सडक तथा हवाई यातायातमा असर पर्ने सम्भावना रहेकाले आवश्यक सावधानी अपनाउन र विभागको पछिल्लो सूचनामा अद्यावधिक रहन अनुरोध गरेको छ । विभागका अनुसार हाल मनसुनको न्यूनचापीय रेखा सरदर स्थानभन्दा केही माथि तराई भूभाग नजिक रहेको छ ।

**यस्तो छ- तीन दिनको मौसम पूर्वानुमान**

विभागका अनुसार आज राति देशभर साधारणतया बादल लाग्नेछ । देशका हिमाली भूभागका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ । मधेस प्रदेश तथा कोशी, बागमती, गण्डकी र लुम्बिनी प्रदेशका पहाडी र तराई भूभागका केही स्थान तथा कर्णाली प्रदेशका पहाडी र सुदुरपश्चिम प्रदेशका पहाडी र तराई भूभागका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ ।

बुधबार दिउँसो देशभर साधारणतया बादल लाग्नेछ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भूभागका केही स्थान र लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका हिमाली भूभागका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ । देशको पहाडी र ताराई भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना रहेको विभागले जनाएको छ ।

बुधबार राति भने देशभर साधारणतया बादल लाग्नेछ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भूभागका थोरै स्थान र लुम्बिनी, कर्णाली र सुदुरपश्चिम प्रदेशका हिमाली भूभागका एक-दुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना रहेको विभागले जनाएको छ ।

विभागका अनुसार बिहीबार दिउँसो भने देशभर साधारणतया बादल लाग्ने र देशका हिमाली भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ ।

"देशको पहाडी भूभागका केही स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ । बागमती, गण्डकी, लुम्बिनी र सुदूरपश्चिम प्रदेशका तराईका केही स्थान र मधेस तथा कोशी प्रदेशको तराईका थोरै स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षाको सम्भावना छ", विभागद्वारा जारी मौसमी बुलेटिनमा उल्लेख छ ।

बुलेटिनअनुसार बिहीबार राति भने देशभर साधारणतया बादल लाग्नेछ । कोशी, बागमती र गण्डकी प्रदेशका हिमाली भूभागका थोरै स्थानमा र लुम्बिनी, कर्णाली र सुदूरपश्चिम प्रदेशका हिमाली भूभागका एकदुई स्थानमा मेघगर्जन र चट्याङसहित मध्यमसम्मको वर्षा र हिमपातको सम्भावना छ । रासस

# हेटौँडा कपडा उद्योगमा परीक्षण उत्पादनको तयारी

काठमाण्डु । लामो समयदेखि बन्द रहेको हेटौँडा कपडा उद्योगलाई पुनः सञ्चालन गर्ने सरकारी तयारीले गति लिएको छ । सरकारले उद्योगलाई दीर्घकालीन रूपमा सञ्चालन गर्ने लक्ष्यसहित प्रारम्भिक चरणमा परीक्षण उत्पादन शुरु गर्ने तयारी अघि बढाएको छ ।



उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयद्वारा गठित अध्ययन कार्यदलले उद्योग पुनः सञ्चालनसम्बन्धी प्रतिवेदन सोमबार मन्त्री गौरीकुमारी यादवलाई हस्तान्तरण गरेको छ । मन्त्रालयको प्रशासन तथा संस्थान महाशाखाका प्रमुख रामबन्धु सुवेदीको संयोजकत्वमा गठित कार्यदलले उद्योग पुनः सञ्चालनका लागि चालिएका कदम, हालसम्मको प्रगति र आगामी कार्ययोजनासहितको प्रतिवेदन बुझाएको हो ।

मन्त्रालयका अनुसार उद्योगको परीक्षण सञ्चालनका लागि आवश्यक तयारी यसअघि नै सुरु भइसकेको छ । अर्थ मन्त्रालयबाट विनियोजित बजेटका आधारमा नेपाली सेनाले उद्योगमा रहेका मेसिनहरूको मर्मत तथा परीक्षण उत्पादनको तयारी अघि बढाइसकेको मन्त्रालयले जनाएको छ ।

प्रतिवेदनअनुसार सरकारले दिएको निर्देशनबमोजिम नेपाली सेनाले आगामी दुई महिनाभित्र हेटौँडा कपडा उद्योगबाट परीक्षण उत्पादन सुरु गर्नुपर्ने लक्ष्य निर्धारण गरिएको छ । सोही समयसीमालाई ध्यानमा राखेर उद्योगभित्र आवश्यक तयारी तीव्र रूपमा भइरहेको उल्लेख गरिएको छ ।

उद्योग मन्त्रालयको प्रस्तावपछि अर्थ मन्त्रालयले असारको पहिलो सातामै नेपाली सेनाको सैनिक सामग्री उत्पादन निर्देशनालयको खातामा रु ३३ लाख बजेट निकासा गरिसकेको छ । उक्त बजेटबाट परीक्षण उत्पादनका लागि आवश्यक प्रारम्भिक कार्य सञ्चालन गर्न सहज भएको प्रतिवेदनमा उल्लेख छ ।

उद्योग सञ्चालनको जिम्मेवारी पाएसँगै नेपाली सेनाको प्राविधिक टोली उद्योग परिसरमा परिचालन भएको छ । टोलीले उद्योगभित्र सरसफाइको काम तीव्र पारेको, परीक्षण उत्पादनका लागि आवश्यक कच्चा पदार्थ खरिद गरिसकेको तथा सैनिक सामग्री उत्पादन निर्देशनालयको प्राविधिक टोलीले मेसिनहरूको मर्मत कार्य सुरु गरिसकेको प्रतिवेदनमा जनाइएको छ ।

उद्योगको भौतिक संरचना तथा पूर्वाधार मर्मतका लागि पूर्वाधार विकास मन्त्रालयबाट रु ५० लाखको लागत अनुमान पेस गरिएको छ । सोही लागत अनुमानका आधारमा पूर्वाधार विकास मन्त्रालयले उद्योगका भवन तथा अन्य संरचनाको मर्मत गर्ने जिम्मेवारी लिएको छ ।

उद्योगभित्रको विद्युत् प्रणाली मर्मतको काम भने हेटौंडा औद्योगिक क्षेत्र व्यवस्थापन कार्यालयले गरिरहेको छ । प्रतिवेदनअनुसार उद्योग सञ्चालनका लागि आवश्यक विद्युत् मर्मत कार्य सम्पन्न भइसकेको छ ।

प्रतिवेदनमा तत्कालका लागि उद्योगमा रहेका पुराना मेसिन मर्मत गरेर परीक्षण उत्पादन गरिने उल्लेख गरिएको छ । परीक्षण उत्पादनको नतिजाका आधारमा उद्योगलाई दीर्घकालीन रूपमा पूर्ण क्षमतामा सञ्चालन गर्न विस्तृत परियोजना प्रतिवेदन (डिपीआर) तयार गरिनेछ । त्यसका आधारमा आवश्यक कानुनी तथा नीतिगत निर्णय गर्दै उद्योगलाई दीर्घकालीन रूपमा सञ्चालन गर्ने योजना अघि बढाइने प्रतिवेदनमा औँल्याइएको छ ।

प्रतिवेदन बुझ्दै उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री गौरीकुमारी यादवले राष्ट्रिय गौरवसँग जोडिएको हेटौँडा कपडा उद्योग पुनः सञ्चालनलाई सरकारले उच्च प्राथमिकतामा राखेको बताउनुभयो । उहाँले कार्यदलले दिएका सुझावका आधारमा निर्धारित समयभित्र परीक्षण उत्पादन सुरु गर्न मन्त्रालयले आवश्यक समन्वय, सहजीकरण र सहयोग गर्ने प्रतिबद्धता व्यक्त गर्नुभयो । रासस

# नागरिक एपबाटै देशभरको रगतको मौज्दात हेर्न सकिने




काठमाण्डु । अब नागरिक एपमार्फत देशभर उपलब्ध रगतको विवरण हेर्न सकिने भएको छ । नागरिक एपमा 'रक्त सूचना' पोर्टल थपिएसँगै प्रयोगकर्ताले विभिन्न रक्तसञ्चार केन्द्रमा कुन रक्त समूहको रगत कति युनिट उपलब्ध छ भन्ने जानकारी वास्तविक समयमा प्राप्त गर्न सक्ने भएका छन् ।

यस सुविधामार्फत देशभरका रक्तसञ्चार केन्द्रमा उपलब्ध विभिन्न रक्त समूहको रगतको मौज्दात एकै स्थानबाट हेर्न सकिने स्वास्थ्य तथा खाद्य स्वच्छता मन्त्रालयले जनाएको छ ।

स्वास्थ्य सेवा पहुँचलाई थप प्रभावकारी, पारदर्शी र प्रविधिमैत्री बनाउने उद्देश्यले यो सेवा नागरिक एपमा एकीकृत गरिएको हो । यसबाट आकस्मिक अवस्थामा रगत खोज्नुपर्ने बिरामी तथा उनका आफन्तलाई आवश्यक जानकारी छिटो प्राप्त हुने, रक्त व्यवस्थापनलाई सहज बनाउने तथा रक्तसञ्चार सेवाको समन्वयमा समेत सहयोग पुग्ने अपेक्षा गरिएको छ । रासस

# लाइसेन्सका सम्पूर्ण सेवा बन्द



**टुडे समाचारदाता**

राजविराज । यातायात व्यवस्था कार्यालय राजविराज सप्तरीबाट प्रदान गरिँदै आएका सवारी चालक अनुमतिपत्र (लाइसेन्स) सम्बन्धी सम्पूर्ण सेवा स्थगित गरिएको छ ।

यातायात व्यवस्था विभाग, मिनभवन, काठमाडौंस्थित इडिएलभिआर सर्भरमा आएको प्राविधिक समस्याका कारण अर्को व्यवस्था नभएसम्मका लागि सम्पूण सेवा स्थगित गरिएको जनाइएको छ ।

यातायात व्यवस्था कार्यालय, राजविराजले सार्वजनिक सूचना जारी गर्दै विभागको केन्द्रीय सर्भरमा आइतबारदेखि देखिएको प्राविधिक समस्याका कारण नयाँ चालक अनुमतिपत्र, नवीकरण, लिखित तथा प्रयोगात्मक परीक्षा लगायत चालक अनुमतिपत्रसम्बन्धी सबै सेवा अस्थायी रूपमा रोकिएको जनाएको हो ।

कार्यालय प्रमुख शशीप्रसाद यादवद्वारा जारी सूचनामा सेवाग्राहीलाई पर्न गएको असुविधाप्रति कार्यालयले क्षमायाचना गर्दै सर्भर समस्या समाधान भएपछि सेवा पुनः नियमित रूपमा सञ्चालन गरिने उल्लेख गरिएको छ । कार्यालयले सेवासम्बन्धी थप जानकारीका लागि आफ्नो आधिकारिक वेबसाइट तथा आधिकारिक फेसबुक पेज ' यातायात राजविराज' मार्फत सूचना प्राप्त गर्न सेवाग्राहीलाई अनुरोध गरेको छ ।

प्राविधिक समस्या समाधान नहुँदासम्म चालक अनुमतिपत्रसम्बन्धी सेवा अवरुद्ध रहने भएकाले सेवाग्राहीलाई अनावश्यक रूपमा कार्यालयमा उपस्थित नहुन पनि कार्यालयले आग्रह गरेको छ ।

# सम्पत्ति जाँचबुझ आयोगका पदाधिकारीविरुद्ध अदालतको अवलेहना

काठमाण्डु । सम्पत्ति जाँचबुझ आयोगका अध्यक्ष तथा सदस्यहरूले सर्वोच्च अदालतको अन्तरिम आदेश उल्लंघन गरेको उल्लेख गर्दै अदालतको अवहेलना निवेदन दर्ता भएको छ ।




अधिवक्ता डा प्रेमराज सिलवालले यही असार २६ गते सर्वोच्च अदालतका न्यायाधीशद्वय टेकप्रसाद ढुङ्गाना र श्रीकान्त पौडेलको संयुक्त इजलासले गरेको आदेशको पूरै प्रतिकूल हुनेगरी सम्पत्ति छानबिन आयोगले यही असार २९ गते प्रकाशित गरेको सूचनालाई लिएर अदालतको अवहेलना निवेदन दर्ता गराउनुभएको हो । उक्त निवेदनमा यही असार ३२ गते सुनुवाइ हुनेछ ।

निवेदनमा उक्त आयोगका अध्यक्ष राजेन्द्रकुमार भण्डारी र सदस्यहरू पुरुषोत्तम पराजुली, चण्डीराज ढकाल, गणेश केसी, प्रकाश लम्साल र आयोगलाई समेत अवहेलनामा कानुनी कारबाही गर्न सम्पत्ति आयोगविरुद्ध दुईवटा रिट निवेदन परेको हो निवेदनमा सबैका हकमा अन्तरिम आदेश जारी भएकामा जाँचबुझ आयोगका पदाधिकारीहरूले न्यायाधीश र सैनिक अधिकारीहरूको हकमा मात्रै लागू हुनेगरी सूचना निकालेको भनी अवहेलनाको निवेदन पेस गरेको उल्लेख छ ।

अदालतको आदेशमा भनिएको थियो, "प्रस्तुत रिट निवदेनको पूर्ण इजलासबाट अन्तिम टुङ्गो नलाग्दासम्म कसैलाई पनि सम्पत्ति विवरण पेस गर्न बाध्य नपार्नु, पेस हुन आएको सम्पत्ति विवरणउपर छानबिन गर्ने कार्य यथास्थितिमा राख्नु र कसैउपर पनि कुनै पनि किसिमको कानुनी कारबाहीका लागि सिफारिस नगर्नु नगराउनु ।"

सर्वोच्च अदालतका प्रवक्ता अर्जुनप्रसाद कोइरालाका अनुसार अन्तरिम आदेशले पूर्वन्यायाधीशहरू, पूर्वसंवैधानिक पदाधिकारी र नेपाली सेनाका अवकाशप्राप्त अधिकारीहरूलाई सम्पत्ति विववरण बुझाउन बाध्य पारिने छैन । आयोगले त्यही आदेशका आधारमा आइतबार सूचना निकालेको थियो । सोही सूचनामा आयोगले संविधानमा विशेष व्यवस्था भएका व्यक्तिहरूबाहेक अरुको सम्पत्ति छानबिन यथावत रहने उल्लेख थियो ।

आयोगको सोही सूचनाविरुद्ध अन्तरिम आदेश बेवास्ता गरी जाँचबुझ आयोगले सूचना निकालेको भन्दै अवहेलनको निवेदन परेको हो । रासस

# युनाईटेड सिमेन्ट्सको निःशुल्क स्वास्थ्यशिविरबाट धुनीवेशीका स्थानीयलाभान्वित

**टुडे समाचारदाता**

काठमाण्डु । युनाईटेड सिमेन्ट्सले आफ्नो सामाजिक उत्तरदायित्व कार्यक्रम अन्तर्गत धुनीवेशी नगरपालिका-९ का स्थानीय बासिन्दाका लागि निःशुल्क बृहत् स्वास्थ्य शिविर सञ्चालन गरेको छ ।




ललितपुरस्थित मेघा अस्पतालका सात जना स्वास्थ्यकर्मीको सहभागितामा सञ्चालन गरिएको शिविरमा जनरल फिजिसियन डा. जमाल अश्रफ, बालरोग विशेषज्ञ डा. दीपाखनालतथादन्तरोग विशेषज्ञ डा. सङ्गीताकुमारीले विशेषज्ञ स्वास्थ्य सेवाप्रदान गरेको थियो । अस्पतालकीसंयोजकशिल्पापोखरेलले स्वास्थ्य टोलीको नेतृत्व गर्नुभएको थियो ।

शिविरबाट कुल १४३ जनाले स्वास्थ्य परीक्षण तथा परामर्श सेवा लिएका थिए । सेवालिनेमध्ये ७ वर्षका बालबालिकादेखि ८५ वर्षसम्मका ज्येष्ठ नागरिकसम्म रहेका थिए । अधिकांश सेवाग्राही धुनीवेशी नगरपालिका-९ का स्थानीयबासिन्दा थिएभने पुरुषको तुलनामा महिलाको सहभागिता उल्लेखनीय रहेको थियो । शिविरमा स्वास्थ्य परीक्षणसँगै आवश्यक पर्ने निःशुल्कऔषधिसमेत वितरण गरिएको थियो ।

सो कार्यक्रममा स्थानीय जनप्रतिनिधि, समाजसेवी तथा विभिन्न क्षेत्रका प्रतिष्ठित व्यक्तित्वहरूको उपस्थिति रहेको थियो । शिविरमा सहभागी सबैलाई युनाईटेड सिमेन्ट्सले फलफूलको जुस (फ्रुटी) र बिस्कुट वितरण गरेको थियो । कार्यक्रमको समन्वययुनाईटेड सिमेन्ट्सको प्रशासनप्रमुख धनपति सापकोटाले गरेका थिए भने कम्पनीकामहाप्रबन्धक हरिकुमार उप्रेती प्रमुखअतिथिका रूपमा उपस्थित थियो । स्वास्थ्य परीक्षणका क्रममा अधिकांश सेवाग्राहीमा ढाड, कम्मर तथा घुँडाको समस्या देखिएको चिकित्सकहरूले जानकारी दिएका थिए । धेरैजसो स्थानीयले नियमित स्वास्थ्य परीक्षण नगराउने गरेको पनि उनीहरूले बताएका थिए । शिविरमा सहभागी स्थानीयवासीले यस्ता स्वास्थ्यशिविर समय-समयमा सञ्चालन गर्नुपर्ने आवश्यकता औँलयाएका थिए ।

सो कार्यक्रमको अन्त्यमा स्थानीय बासिन्दाले समुदायको स्वास्थ्यप्रति चासो दिँदै निःशुल्क स्वास्थ्य शिविर सञ्चालन गरेकोमा युनाइटेड सिमेन्ट्सप्रति आभार व्यक्त गरेका थिए ।

# सिर्सिया नदीलाई तत्काल पुनर्जीवन दिन माग

**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा) का सांसद हरि पन्तले पर्साको सिर्सिया नदी औद्योगिक प्रदूषणका कारण दुर्गन्धित नालामा परिणत भएको भन्दै यसको संरक्षण र पुनर्जीवनका लागि सरकारले तत्काल ठोस कदम चाल्नुपर्ने माग गरेका छन् ।



प्रतिनिधिसभाको बैठकमा विशेष समय लिएर बोल्दै सांसद पन्तले पथलैया-वीरगञ्ज औद्योगिक करिडोरमा सञ्चालित उद्योगहरूले आफ्ना उद्योगबाट निस्कने रासायनिकयुक्त विषाक्त फोहोर पानी प्रशोधन नगरी सिधै सिर्सिया नदीमा मिसाउँदै आएको आरोप लगाए ।

उद्योगहरूको लापरबाहीका कारण सदियौँ पुरानो सिर्सिया नदी आज अस्तित्व संकटमा पुगेको उनले बताए । उनले एक समय लोकआस्थाको महान् पर्व छठ मा सिर्सिया नदीमै उभिएर श्रद्धालुले अर्घ्य दिने परम्परा रहेको स्मरण गराउँदै अहिले भने नदीबाट आउने दुर्गन्धका कारण छठका बेला समेत त्यहाँ उभिन नसकिने अवस्था सिर्जना भएको बताए ।

सांसद पन्तले सिर्सिया नदी अहिले लामखुट्टेको प्रमुख प्रजननस्थल बनेको उल्लेख गर्दै नदी आसपासका बासिन्दा दुर्गन्ध र लामखुट्टेको कारण राति सुत्नसमेत नसक्ने अवस्था रहेको बताए । उनले पछिल्ला केही वर्षदेखि समस्या विकराल बन्दै गए पनि संघीय, प्रदेश र स्थानीय सरकारले चुनावी घोषणापत्रमा मात्रै सिर्सिया सफाइको विषय उठाएको, तर व्यवहारमा कुनै प्रभावकारी काम नगरेको आरोप लगाए ।

# बलात्कारका फरार अभियुक्त पक्राउ

**टुडे समाचारदाता**

रौतहट । काठमाडौंमा एक महिलालाई बलात्कार गरी एकबर्ष बढी समयदेखि फरार रहेका एक अभियुक्तलाई रौतहट प्रहरीले पक्राउ गरेको छ ।




पक्राउ पर्नेमा रौतहटको राजपुर नगरपालिका-८ अकोलवा निवासी २२ वर्षीय आफान आलम रहेका छन् । उनी काठमाडौं महानगरपालिका-१३ टंकेश्वरमा भएको बलात्कारको घटनापछि फरार रही विभिन्न स्थानमा लुकिछिपी बस्दै आएका थिए ।

जिल्ला प्रहरी कार्यालय रौतहटका प्रवक्ता डीएसपी बसन्त गौतमका अनुसार परिवर्तित नाम ०८२/०८३ (३४) (क) को जाहेरीका आधारमा दर्ता भएको जबर्जस्ती करणी मुद्दामा फरार रहेका आलमको खोजी कार्य जारी थियो। गोप्य सूचनाका आधारमा काठमाडौं प्रहरी वृत्त कालिमाटीसँग समन्वय गरी रौतहट प्रहरीले विशेष खोजतलास सञ्चालन गरेको थियो ।

सोही क्रममा सोमबार दिउँसो करिब १२ बजे राजपुर नगरपालिका-४ मा लुकिछिपी बसेको अवस्थामा उनलाई नियन्त्रणमा लिइएको प्रहरीले जनाएको छ ।

पक्राउ परेका आलमलाई थप अनुसन्धान तथा आवश्यक कानुनी कारबाहीका लागि प्रहरी वृत्त कालिमाटी, काठमाडौं पठाइएको जिल्ला प्रहरी कार्यालय रौतहटले जनाएको छ ।


## मालपोत कार्यालय चन्द्रनिगाहपुर, रौतहट

## हकदाबीको ३५ दिने सार्वजनिक सूचना

जिल्ला रौतहट साविक गा.वि.स. विश्रामपुर वडा नं. ५ हाल वृन्दावन न.पा. ३ बस्ने सिताराम राउत कुर्मीले आफ्नो बुवा नाताको बासुदेव राउत कुर्मीको मिति २०३० सालमा र एक मात्र आमा बतही देवीको मिति २०३० सालमा आ-आफ्नो कालगती परलोक भई सकेकोले हक खाने म एक मात्र छोरा भएकोले वृन्दावन न.पा. ३ को च.नं. ३८८ मिति २०८१।१२।१० को सिफारिश साथ अन्य प्रमाणहरु संलग्न गरी दर्ता प्रमाणित हुन छुट जग्गा दर्ता प्रमाणित गरी नामसारी गरी पाँउ सांग निवेदन पेश भएकोले निवेदक बाहेक पनि सो जग्गाहरुको अरु कोही हकदार छ कि छैन : उक्त जग्गा कस-कसको जोत भोग वा दखल कंबजामा रहेको छ : सो जग्गा ऐलानी, प्रती, सरकारी, सार्वजनिक जग्गामा घुसेको छ वा छैन : माग अनुसार दर्ता प्रमाणित हुन छुट जग्गा दर्ता प्रमाणित गरि नामसारी गरि दिएमा कुनै किसिमले कसैलाई फरक वा असर गर्छ वा गर्दैन : दर्ता प्रमाणित हुन छुट जग्गा दर्ता प्रमाणित गरी नामसारी गरी दिएमा कुनै किसिमले कसैको हकदावी पुग्ने भए सो सूचना प्रकाशित भएको मितिले बाटोको म्याद बाहेक ३५ दिने भित्र स-प्रमाण सहित दाबी गर्न आउनु होला अन्यथा नियमानुसार भई जानेछ, पछी कुनै उजुर बाजुर हुने छैन ।

**तपसिल**

| क्र. सं. | जिल्ला | गा.वि.स. | वडा नं. | कि. नं. | क्षेत्रफल | दर्तावाला |
|---|---|---|---|---|---|---|
| १ | रौतहट | विश्रामपुर | ५ | ८८ | ०-११-० | बासुदेव राउत कुर्मी विश्रामपुर ८ वडा नं. २ |
| २ | रौतहट | विश्रामपुर | ५ | ९१ | ०-३-३ | |

# ‘लोकतन्त्र र संविधान रक्षाका लागि एकजुट होऔं’



**टुडे समाचारदाता**

जनकपुरधाम । प्रतिनिधि सभा सदस्य (सांसद) अमरेशकुमार सिंहले देशमा बढ्दै गएको निराशा र राजनीतिक अस्थिरताप्रति चिन्ता व्यक्त गर्दै राष्ट्र, लोकतन्त्र र संविधानको रक्षाका लागि सबै राजनीतिक दल एकजुट हुन आग्रह गरेका छन् ।

मंगलबार प्रतिनिधिसभाको बैठकमा रास्वपा पार्टीका सांसद सिंहले धारणा राख्दै देशमा ‘ बाँच्न सकिन्न’ भन्ने नकारात्मक भाष्य निर्माण नगर्न आग्रह गरे। उनले जनतामा निराशा बढिरहेको उल्लेख गर्दै वर्तमान परिस्थितिलाई राजनीतिक दलहरूले गम्भीर रूपमा लिनुपर्ने बताए ।

सभामुखले बैठक प्रारम्भ गरेलगत्तै सरकारको कामकारबाहीप्रति असन्तुष्टि जनाउँदै विपक्षी सांसदहरूसँगै उभिएका सिंहले सत्ता र प्रतिपक्ष स्थायी नहुने भन्दै राष्ट्रिय हितका विषयमा सबै दलबीच सहकार्य आवश्यक रहेको धारणा राखे ।

“म संसद्भित्र र संसदबाहिर रहेका सबै राजनीतिक दललाई आग्रह गर्न चाहन्छु, यसलाई घोचपेचको विषय नबनाऔं। राज्य, जनता र लोकतन्त्र रह्यो भने फेरि हामी राजनीति गरौंला। कोही सत्ता पक्षमा होला, कोही प्रतिपक्षमा, तर सत्ता र प्रतिपक्ष स्थायी हुँदैन,” उनले भने ।

सिंहले संसदमा प्रतिनिधित्व गर्ने सबै राजनीतिक दललाई साझा राष्ट्रिय एजेन्डामा एकजुट हुन आग्रह गर्दै देशको वर्तमान चुनौती सामना गर्न राजनीतिक एकता अपरिहार्य रहेको बताए । उनले जनतालाई आश्वस्त पार्ने वातावरण बनाउनुपर्नेमा जोड दिँदै सबै दल मिलेर अघि बढे मात्रै राष्ट्र, संविधान र लोकतान्त्रिक व्यवस्था सुरक्षित रहने विश्वास व्यक्त गरे ।

“जनतालाई भनौं, हामी सम्पूर्ण दल मिल्यौं भने मात्रै यो राष्ट्र बाँच्न सक्छ, यो संविधान बाँच्न सक्छ, यो देशको लोकतन्त्र बाँच्न सक्छ र देशको निराशा हट्न सक्छ,” उनले भने । सिंहले देश निर्माणको जिम्मेवारी सबै राजनीतिक दलको साझा दायित्व रहेको उनले बताए ।

# जानकी मन्दिरको विवाह मण्डप र संग्राहालयमा लाग्यो ताला

**जानकी मन्दिर व्यवस्थापनले विवाह मण्डप र संग्रहालय अवलोकनका लागि टिकटको व्यवस्था गर्दै आएको थियो । तर मन्त्री महतोले ती संरचनामा प्रवेश शुल्क लिनु अनुचित भएको भन्दै टिकट काटिरहेका कर्मचारीबाट टिकट खोसेपछि मन्दिर व्यवस्थापन आक्रोशित बनेको हो । त्यसको विरोधस्वरूप व्यवस्थापन पक्षले शुक्रबारदेखि विवाह मण्डप र संग्रहालयमा तालाबन्दी गरेको जनाएको छ ।**

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेशका राजधानी समेत हिन्दू धर्मावलम्बीहरूको प्रमुख आस्थास्थलको रुपमा रहेको जनकपुरधामस्थित जानकी मन्दिर परिसरमा रहेको विवाह मण्डप तथा संग्राहालयमा तालाबन्दी गरिएको छ।

माता सीताको जन्मदेखि विवाहसम्मको जीवनचरित्र समेटिएको विद्युतीय संग्रहालयमा इतिहासमै पहिलोपटक तालाबन्दी गरिएको छ । टिकट शुल्कलाई लिएर प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतो र मन्दिर व्यवस्थापनबीच विवाद उत्पन्न भएपछि दुवै संरचना बन्द गरिएका हुन् ।

जानकी मन्दिर व्यवस्थापनले विवाह मण्डप र संग्रहालय अवलोकनका लागि टिकटको व्यवस्था गर्दै आएको थियो । तर मन्त्री महतोले ती संरचनामा प्रवेश शुल्क लिनु अनुचित भएको भन्दै टिकट काटिरहेका कर्मचारीबाट टिकट खोसेपछि मन्दिर व्यवस्थापन आक्रोशित बनेको हो । त्यसको विरोधस्वरूप व्यवस्थापन पक्षले शुक्रबारदेखि विवाह मण्डप र संग्रहालयमा तालाबन्दी गरेको जनाएको छ ।

तालाबन्दीका कारण दर्शन तथा अवलोकनका लागि आएका स्वदेशी र विदेशी श्रद्धालु तथा पर्यटक निराश बनेका छन् । स्थानीयवासीका अनुसार धार्मिक तथा ऐतिहासिक महत्व बोकेका यी स्थल बन्द हुँदा भक्तजनले असहज अवस्था भोग्नुपरेको छ ।




जानकी मन्दिरका महन्थ रामतपेश्वर दास वैष्णवले मन्त्री महतोले कुनै पूर्वसमन्वय वा औपचारिक प्रक्रिया नअपनाई ‘गुण्डाशैली’मा टिकट खोसेको आरोप लगाएका छन्। उनका अनुसार मन्दिरको पूजा-पाठ, सरसफाइ, संरक्षण तथा अन्य दैनिक खर्च व्यवस्थापनका लागि प्रत्येक वर्ष विवाह मण्डप र संग्रहालय सञ्चालनको जिम्मा ठेक्कामार्फत दिइँदै आएको छ ।

महन्थ वैष्णवले संग्रहालय प्रवेशका लागि १५ रुपैयाँ र विवाह मण्डपका लागि १० रुपैयाँ टिकट शुल्क लिने व्यवस्था लामो समयदेखि चल्दै आएको जानकारी दिए। उनले संघ, प्रदेश वा स्थानीय कुनै पनि सरकारले मन्दिर सञ्चालन तथा व्यवस्थापनका लागि हालसम्म एक रुपैयाँसमेत आर्थिक सहयोग नगरेको दाबी गर्दै यदि खर्चको विवरण आवश्यक भएको भए कार्यालयमै आएर माग्न सकिने बताए । त्यसो नगरी प्रत्यक्ष रूपमा टिकट खोस्नु मन्त्रीको पदअनुकूल व्यवहार नभएको उनको भनाइ छ ।

उता प्रदेश सरकारका गृह, सञ्चार तथा कानून मन्त्री फकिरा महतोले भने सार्वजनिक धार्मिक सम्पदामा प्रवेश शुल्क लिनु गलत भएको जिकिर गरेका छन्। उनले पटक-पटक शुल्क हटाउन आग्रह गर्दा पनि मन्दिर व्यवस्थापनले बेवास्ता गरेपछि आफूले टिकट नियन्त्रणमा लिएको प्रतिक्रिया दिएका छन् ।

उनका अनुसार जानकी मन्दिर कुनै व्यक्ति वा संस्थाको निजी सम्पत्ति नभई सार्वजनिक सम्पदा भएकाले श्रद्धालुसँग प्रवेश शुल्क उठाउनु उचित होइन। पूजा खर्च व्यवस्थापनका नाममा ठेक्का लगाइएको दाबीप्रति पनि उनले प्रश्न उठाउँदै त्यसका लागि कसको स्वीकृति वा समन्वयमा ठेक्का दिइएको हो भन्ने स्पष्ट हुनुपर्ने बताए। साथै, मन्दिरले हालसम्म आफ्नो आय-व्यय सार्वजनिक नगरेकाले शंका उत्पन्न भएको उनको भनाइ छ ।

जानकी मन्दिर परिसरभित्र रहेको माता जानकीको जन्मदेखि विवाहसम्मको दृश्य प्रस्तुत गर्ने विद्युतीय संग्रहालय भारत सरकारको आर्थिक सहयोगमा करिब एक दशकअघि निर्माण गरिएको हो। आधुनिक प्रविधिमार्फत माता सीताको जीवनका विभिन्न प्रसंग प्रस्तुत गरिएको उक्त संग्रहालय जनकपुर आउने पर्यटकका लागि प्रमुख आकर्षणमध्ये एक मानिन्छ ।

त्यस्तै, हालको विवाह मण्डप वि.सं. २०२६ सालमा बडागुरुजी खगेन्द्रराज पाण्डेको पहलमा निर्माण थालिएको थियो। निर्माण कार्यमा तत्कालीन महन्थ नवलकिशोर दासको महत्वपूर्ण योगदान रहेको उल्लेख गरिन्छ। निर्माण सम्पन्न भएको १६ वर्षपछि, वि.सं. २०४२ साल पुस १८ गते तत्कालीन राजा वीरेन्द्र वीर विक्रम शाह देवले विवाह मण्डपको उद्घाटन गरेका थिए ।

धार्मिक विश्वास अनुसार भगवान राम र माता सीताको विवाह यही स्थानमा सम्पन्न भएको मानिन्छ । यसअघि रहेको पुरानो मण्डप वि.सं. १९९० सालको महाभूकम्पबाट क्षतिग्रस्त भएपछि नयाँ स्वरूपमा प्यागोडा शैलीमा पुनर्निर्माण गरिएको थियो। मण्डपको गर्भगृहमा भगवान राम, माता सीता, लक्ष्मण, भरत, शत्रुघ्न तथा उनीहरूका धर्मपत्नीहरूको संगमरमरका मूर्तिहरू स्थापना गरिएका छन् ।

हरेक वर्ष विवाह पञ्चमीका अवसरमा यही विवाह मण्डपमा राम-जानकी विवाह महोत्सवको मुख्य कार्यक्रम आयोजना हुने गर्दछ । सो अवसरमा नेपाल तथा भारतसहित विभिन्न मुलुकबाट लाखौं श्रद्धालु जनकपुरधाम पुग्ने गरेका छन् । यस्ता ऐतिहासिक तथा धार्मिक महत्वका संरचनामा पहिलोपटक तालाबन्दी भएपछि यसको प्रभाव धार्मिक पर्यटन र श्रद्धालुको आवागमनमा समेत पर्ने देखिएको छ ।

# सूचना नदिने अधिकृतलाई जरिवाना

**टुडे समाचारदाता**

वीरगञ्ज । राष्ट्रिय सूचना आयोगले पर्साको जगरनाथपुर गाउँपालिकाका प्रमुख प्रशासकीय अधिकृत सन्देशकुमार यादवलाइ नागरिकले माग गरेको सार्वजनिक सूचना उपलब्ध नगराएको भन्दै १६ हजार रुपैयाँ जरिवाना गर्ने निर्णय गरेको छ ।

गाउँपालिकाले सूचनाको हकसम्बन्धी ऐन, २०६४ अनुसार सूचना माग गर्दा पनि आवश्यक विवरण उपलब्ध नगराएपछि स्थानीयवासीले आयोगमा उजुरी दिएका थिए। उनीहरूले गाउँपालिकामा सञ्चालन भएका निर्माण योजना, नीति तथा कार्यक्रम, वार्षिक बजेट, खर्च विवरण तथा अन्य सार्वजनिक सरोकारका विषयमा सूचना माग गरेका थिए ।

उजुरीमाथि छानबिन गर्दा आयोगले सार्वजनिक निकायका जिम्मेवार अधिकारीले नागरिकको सूचनाको हक सुनिश्चित गर्ने कानुनी दायित्व पूरा नगरेको ठहर गरेको हो ।

आयोगका अनुसार सूचना उपलब्ध गराउन पटक-पटक आदेश दिइए पनि प्रमुख प्रशासकीय अधिकृत यादवले त्यसको पालना नगरेपछि सूचनाको हकसम्बन्धी ऐनमा भएको व्यवस्थाअनुसार आर्थिक जरिवाना गरिएको हो ।




आयोगले जारी गरेको निर्णयमा सार्वजनिक निकायमा रहेका सूचना अधिकारी र कार्यालय प्रमुखहरूले नागरिकलाई समयमै सूचना उपलब्ध गराउनुपर्ने उल्लेख गरेको छ। कानूनले तोकेको समयभित्र सूचना नदिनु वा अनावश्यक ढिलाइ गर्नु सूचनाको हकसम्बन्धी ऐनको उल्लङ्घन हुने आयोगले जनाएको छ ।

जरिवानासँगै आयोगले प्रमुख प्रशासकीय अधिकृत यादवमाथि आवश्यक विभागीय कारबाहीका लागि संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालयलाई पत्राचार गरेको छ । मन्त्रालयलाई कानूनबमोजिम प्रक्रिया अघि बढाउन आग्रह गरिएको आयोगले जनाएको छ ।

त्यसैगरी, जगरनाथपुर गाउँपालिकालाई स्थानीयवासीले माग गरेका नीति, कार्यक्रम, बजेट, योजना तथा निर्माणसम्बन्धी सम्पूर्ण सार्वजनिक सूचना तत्काल उपलब्ध गराउन आयोगले निर्देशन दिएको छ ।

सूचनाको हकसम्बन्धी ऐनले प्रत्येक नागरिकलाई सार्वजनिक निकायसँग सम्बन्धित सूचना माग्ने र प्राप्त गर्ने अधिकार दिएको छ। सार्वजनिक निकायले आफ्नो कामकारबाहीमा पारदर्शिता कायम गर्दै नागरिकप्रति जवाफदेही बन्नुपर्ने कानुनी व्यवस्था रहेको छ ।

राष्ट्रिय सूचना आयोगले यसअघि पनि सूचना उपलब्ध नगराउने विभिन्न सरकारी कार्यालयका जिम्मेवार अधिकारीमाथि कारबाही गर्दै आएको छ। स्थानीय तहमा विकास निर्माण, बजेट कार्यान्वयन र सार्वजनिक सेवासँग सम्बन्धित विषयमा नागरिकको चासो बढ्दै गएको अवस्थामा सूचना प्रवाहको दायित्व अझ महत्वपूर्ण बनेको छ ।

# चिनी मिलका दुई सञ्चालक पक्राउ

**टुडे समाचारदाता**

मलंगवा । सर्लाहीको धनकौलस्थित अन्नपूर्ण चिनी मिलका दुई सञ्चालकलाई उखु किसानको भुक्तानी नदिएको आरोपमा प्रहरीले पक्राउ गरेको छ ।

पक्राउ पर्नेमा मिलका सञ्चालक शैलेन्द्र गुप्ता र विनोद साह कलवार रहेका छन् । उखु किसानहरूको उजुरीका आधारमा गत बिहीबार उनीहरूलाई नियन्त्रणमा लिइएको । जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवं डीएसपी वेदप्रसाद गौतमका अनुसार किसानहरूको करोडौं रुपैयाँ बराबरको उखुको मूल्य लामो समयदेखि भुक्तानी नगरेको भन्दै परेको उजुरीपछि ठगीसम्बन्धी कसुरमा अनुसन्धान सुरु गरिएको हो ।

प्रहरीका अनुसार मिलले उखु खरिद गरे पनि वर्षौंदेखि भुक्तानी नगर्दा हजारौं किसान आर्थिक रूपमा प्रभावित भएका छन् । बक्यौता रकम नपाउँदा खेतीपाती सञ्चालन गर्नसमेत समस्या भएको भन्दै किसानहरूले कानुनी कारबाहीको माग गरेका थिए ।

प्रहरीले पक्राउ परेका दुवै जनामाथि ठगीसम्बन्धी कसुरमा आवश्यक कानुनी प्रक्रिया अघि बढाइएको जनाएको छ ।

# काउन्सीलको आचारसंहिता कार्यक्रम कानून विपरित सञ्चालन

**टुडे समाचारदाता**

जनकपुरधाम । मधेश प्रदेश सरकारको गृह, सञ्चार तथा कानून मन्त्रालय मातहतका रहेका मिडिया काउन्सीलले कानूनको मापदण्ड विपरित आचारसंहिता सम्बन्धी कार्यक्रम सञ्चालन गरेका छन् ।

कानूनी व्यवस्था अनुसार असार २५ गते राति १२ बजेसम्म भुक्तानी अघि नै कुनैपनि कार्यक्रम वा योजना सम्पन्न गरी बील भरपाई सदर गराई भुक्तानी लिनुपर्ने हो । तर काउन्सीलले पहिला नै कार्यक्रम सम्पन्नको बील भरपाई फर्छौट पेश्कीको नाममा भुक्तानी लिई कानून र नियमलाई मिचेर असार २५ पछि २९ गते सोमवार कार्यक्रम सम्पन्न गरेका छन् ।

नेपाल पत्रकार महासंघ महोत्तरी शाखाको समन्वयमा काउन्सीलले महोत्तरीको बर्दिबासस्थित होटल गौतममा आचारसंहिताको प्रभावकारी कार्यान्वयन पालनका लागि पत्रकार महासंघका प्रमुख तथा प्रतिनिधिहरुसँग छलफल र अन्तरक्रिया कार्यक्रम कानूनी व्यवस्थालाई धज्जी उडाउँदै सम्पन्न गरेको हो ।

कार्यक्रममा पत्रकार महासंघका प्रमुख तथा प्रतिनिधिहरुसँग छलफल र अन्तरक्रिया भनिएकोमा सो कार्यक्रममा पत्रकार महासंघका पदाधिकारी बाहेक दर्जनौ पत्रकार हरुको सहभागिता रहेको थियो ।

यसरी कानून मिचेर गरिएको कार्यक्रम बारे कसैले जिम्मेवारी लिन चाहिरहेका छैनन । सबैले आफूलाई जानकारी नरहेको भनी एक अर्कामाथि दोष थुपारिरहेका छन भने काउन्सीलका पदाधिकारीहरुले पेश्की पहिला नै लिइसकेको कारण समय अभावले सोमवार सम्पन्न गरेको बताएका छन् ।




कार्यक्रमका प्रमुख अतिथि श्रम तथा यातायात मन्त्री शारदा देवी थापाले आफूलाई यस बारे केही थाहा नभएको बताएकी छिन् । उनले भनिन् पत्रकारहरुको कार्यक्रम हो, सोचेर गएको थिए, त्यो कार्यक्रम प्रदेश सरकारकै लगानीमा गरिएको भन्ने थाहा भएन, यसरी झुक्याएर मन्त्रीलाई कार्यक्रममा बोलाउनु उचित भएन। के कसरी छ भन्ने बारे बुझ्छु ।

नेपाल पत्रकार महासंघ धनुषाका अध्यक्ष पुरण गुप्ताले आफूहरुले यो कार्यक्रम नगर्न भनेको थिए । तर मिडिया काउन्सीलको अध्यक्षले पेश्की लिइसकेको छु भनेपछि असार २५ गतेपछि गर्न पाइन्छ भन्ने यस्तो व्यवस्था होला सोचेर सहभागी भएको बताए ।

यता मिडिया काउन्सीलका कार्यवाहक अध्यक्ष वन्दना झाले पेश्की लिइसकेको कारण कार्यक्रम गरेको हो । जहाँसम्म असार २५ पछि कार्यक्रम गर्न पाइने हो वा होइन बारे कार्यालय प्रमुखसँग सोध्नुस भनेर पन्छिए ।

कार्यालय प्रमुख ओम विक्रम कटुवालले पनि उस्तै जवाफ फर्काउँदै भने विविध खर्चमा रहेको रकमबाट कार्यक्रम गर्न पाइने हो जस्तो मलाई लाग्छ । विशेष कुरा प्रदेश कोलनिकाका प्रमुख मनोज झासँग सोध्नुस भनेर पन्छिन । तर मनोज झाले कार्यक्रम गर्ने वा नगर्ने बारे सम्बन्धित कार्यालय सँग नै सोध्नुस भनेर जवाफ फर्काए ।

कानूनतः सार्वजनिक वित्त व्यवस्थापन ऐन, २०७६ र आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७६ अनुसार कार्यक्रम सम्पन्नपछि बील भरपाई सदर गराई मात्रै कुनैपनि कार्यक्रम भुक्तानी लिने पाउने हो । भुक्तानीपछि गरिने कार्यक्रम भ्रष्टाचार ठहरिन जाने हो । पेश्की बारे कुनै पनि भौतिक निर्माणमा मात्र कार्य शुरु गर्नुअघि पेश्की लिन पाउने व्यवस्था छ । तालिम, गोष्ठी, सेमिनार वा अन्तरक्रियाका लागि पेश्की लिन पाउने व्यवस्था छैन । पेश्की लिएमा पनि कुनै कर्मचारीको नाममा पेश्की निकालेर पछि कार्यक्रम खर्च देखाई फर्छौट गर्ने सक्ने व्यवस्थ छ ।

तर यहाँ काउन्सीलले कानूनको धज्जी उडाउँदै कार्यक्रम वापतको रकम पेश्की उठाई भुक्तानी समयावधि सकिएपछि कार्यक्रम सञ्चालन गरेको हो । ती कार्यक्रमको साक्षी पात्र नेपाल पत्रकार महासंघका जिल्ला शाखाहरु बनेका छन् ।

# ४४ जिल्लामा बाढीको जोखिम

**टुडे समाचारदाता**

वीरगञ्ज । मधेश प्रदेशका विभिन्न जिल्लासहित देशका ४४ जिल्लामा आकस्मिक बाढीको मध्यमदेखि उच्च जोखिम रहेको भन्दै आवश्यक सतर्कता अपनाउन जल तथा मौसम विज्ञान विभागले आग्रह गरेको छ ।

विभागका अनुसार बुधबार र बिहीबार सातै प्रदेशका साना नदी तथा खोलामा पानीको बहाव उल्लेख्य रूपमा बढ्न सक्ने सम्भावना रहेको छ। जसका कारण नदी तटीय क्षेत्रका बासिन्दा, यात्रु तथा सरोकारवालालाई सतर्क रहन विभागले आग्रह गरेको हो ।



विभागले पाँचथर, इलाम, झापा, मोरङ, सुनसरी, सप्तरी, भोजपुर, सङ्खुवासभा, उदयपुर, सिन्धुली, दोलखा, रामेछाप, सिन्धुपाल्चोक, रसुवा, नुवाकोट, धादिङ, काठमाडौं, भक्तपुर, ललितपुर, काभ्रेपलाञ्चोक, मकवानपुर, पर्सा, बारा, रौतहट, सर्लाहीलगायत ३९ जिल्लाका साना नदी तथा खोलामा पानीको बहाव बढ्न सक्ने जनाएको छ ।

त्यस्तै, गोरखा, लमजुङ, नवलपरासी (पूर्व र पश्चिम), पाल्पा, पर्वत, म्याग्दी, प्युठान, रोल्पा, दाङ, सल्यान, बाँके, बर्दिया र कैलालीलगायत जिल्लाका साना नदीमा पनि मध्यम जोखिम रहेको विभागले जनाएको छ । चितवन, तनहुँ, कास्की, स्याङ्जा र सुर्खेत आसपासका साना नदी तथा खोलामा पनि आकस्मिक बाढी आउन सक्ने सम्भावना रहेको विभागको पूर्वानुमान छ ।

बाढीविद् विनोद पराजुलीले बुधबार र बिहीबार देशभरका साना नदी तथा खोलामा बहाव बढ्न सक्ने भएकाले नदी किनारका बस्ती, यातायात सञ्चालन गर्ने व्यक्ति तथा सम्बन्धित निकायले विशेष सावधानी अपनाउनुपर्ने बताएका छन् ।

विभागले आवश्यक अवस्थामा सुरक्षित स्थानमा जान, नदी तथा खोलाको किनारमा अनावश्यक आवतजावत नगर्न र स्थानीय तह तथा सुरक्षा निकायको सूचनालाई पालना गर्न आग्रह गरेको छ ।

जनकपुर टुडे मिडिया ग्रुप प्रा.लि.द्वारा प्रकाशित **प्रधान सम्पादक** : बृजकुमार यादव, **ठेगाना** : जनकपुरधाम, **फोन नं.** ०४१-५९११०१, E-mail : jtodaynews@gmail.com, jtodayad@gmail.com, Website : www.ejanakpurtoday.com, जि.प्र.का.ध.द.नं. ९१/०५७/५८